लोकतन्त्रको आधार : सूचनाको अधिकार
- सूचना दिने र लिने संस्कृतिको विकास गरौं,
- सार्वजनिक निकायहरू खुला, पारदर्शी, उत्तरदायी एवं जवाफदेही बनौं,
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो,
- सूचनाको हकसम्बन्धी ऐन नियमको पूर्ण पालना गरौं र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratteekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratteekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार २० गते बुधवार // मृत भस्म नबनेमा भिल्को भैकन बल्नुछ // 2023 July 05 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३०५

# पानी नपर्दा थरुहटमा सात प्रतिशत रोपाइँ

## बजियान क्षेत्रमा बीउ तयार गर्न पनि समस्या

प्रस, सेढवा, १९ असार/

असार महीनाको तेस्रो सातासम्म



पर्साको थरुहट क्षेत्रमा रोपाइँको तयारी गरिंदै । तस्वीरः प्रतीक

आवश्यकता अनुसार पानी नपर्दा पर्साका किसानहरूले वर्षेबाली धानको रोपाइँ गर्न सकेका छैनन् ।

असारको दोस्रो सातादेखि धान रोपाइँ गर्नुपर्नेमा वर्षा पर्याप्त नहुँदा यस वर्ष रोपाइँ ढिलो हुने भएको छ ।

जेठ महीनाको दोस्रो सातामा धानको बीउ छरेपछि २०–२५ दिनपछि रोप्ने गरिन्छ । तर अहिले बीउ छरेको ३५ दिन बितिसक्दा पनि सिंचाइको अभावमा रोपाइँ हुन सकेको छैन । जसका कारण भदई धान अन्तर्गतका भदई मन्सुली, १४४२, सोना सारो, मणि मन्सुली र हाइब्रिडका उन्नत जातका धानका बीउ बेर्नामै छिपिन थालेका छन् ।

बीउ तोकिएको अवधिभन्दा बढी समय भएपछि रोपाइँ गर्दा बिरुवा सपर्ने सम्भावना कम तथा वृद्धि नहुने किसानहरूको भनाइ छ । यी प्रजातिका धानबालीहरू सिंचाइ सुविधा नभएका तथा माथिल्लो सतह भएका जमीनमा लगाइन्छ । आवश्यकताभन्दा निकै कम वर्षा भएका कारण सिंचाइ अभावले भदई मन्सुलीका साथै अगहनी धानबाली पनि प्रभावित भएको छ ।

तीन/चार दिनदेखि बिहानीपख टिपटिप गरेर भइरहेको वर्षाबाट खेतमा भएका माटाका ढिस्का मात्र भिज्ने गरेको किसानहरू बताउँछन् ।

गण्डक नहरदेखि पश्चिम, उत्तर थरुहट क्षेत्रको ठोरी, जगरनाथपुर, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका र पर्सागढी नगरपालिका क्षेत्रभित्रका किसानहरूले अहिले कुलो तथा भूमिगत सिंचाइको प्रयोग गरी रोपाइँ शुरू गरेका छन् । तर लामो समयदेखि पानी पर्न नसकेर कुलोहरूबाट पनि थोरै मात्रामा पानी आइरहेकाले समस्याको समाधान हुन नसकेको किसानहरूको गुनासो छ । धान रोपाइँका लागि कुलोबाट सिंचाइ गर्दा एक बिघा जमीनमा तीन/चार दिनसम्म समय लागिरहेको पटेर्वासुगौली गापा-५ का किसान सुरेश चौधरीले बताए । कुलोबाट सिंचाइ गर्न पनि समस्या भएकोले भूमिगत सिंचाइमा आश्रित हुनुपरेको चौधरीले बताए । विद्युतीय सिंचाइ प्रक्रियाबाट सिंचाइ गर्दा किसानहरूलाई सस्तो र सुलभ हुने गरेको उनले बताए । तर सिंचाइका लागि नेपाल विद्युत् प्राधिकरणले सबैतिर विद्युत् प्रसारणका लागि पोल र तार जडान नगरिदिएकोले यो सेवासुविधाबाट पनि थोरै मात्र किसान लाभान्वित भएका उनको भनाइ छ ।

जीराभवानी गापा-२ का किसान मोहनदास थारूका अनुसार लामो समयदेखि पानी नपरेकोले जमीनको भित्री भागसम्म सुक्खा भएकोले सिंचाइ गर्न निकै समय लाग्ने गरेको र यस कार्यमा इन्धनको खर्च बढेको बताए । किसानहरूले अहिले रोपाइँ गर्न एक बिघा खेतमा सिंचाइ गर्दा २५ लिटरसम्म डिजेल खर्च भइरहेको थारूको भनाइ छ । पम्पसेट भाडामा लिएर सिंचाइ गर्दा प्रतिघण्टा तीन सय रुपैयाँको दरले १५ हजार रुपैयाँ एक बिघा खेतको सिंचाइमा खर्च हुने गरेको उनले बताए । यसैले महँगो सिंचाइको प्रयोगबाट अहिले यो क्षेत्रमा करीब सात प्रतिशत मात्र धान रोपाइँ भएको उनले बताए । यता बजियान क्षेत्रका किसानहरू भने सिंचाइको लागि आकाशको मात्र भरपर्दा अहिलेसम्म बीउसम्म छर्ने कार्य पूरा गर्न सकेका छैनन् । सीमित किसानले तयार गरेका बीउ पनि खेतमा नष्ट हुने क्रममा छन् । यो क्षेत्रमा किसानहरूले रोपनी शुरू गर्न सकेका छैनन् ।

# मुआवजाको ५० करोड सकियो

प्रस, वीरगंज, १९ असार/

वीरगंज महानगर-२५ श्रीसियावासीका



मुआवजा माग गर्दै धर्ना बसेकाहरूलाई सम्झाउँदै पदाधिकारी । तस्वीरः सौजन्य

जग्गा अधिग्रहणबापत नेपाल सरकारले पठाएको मुआवजाको रकम सकिएको छ ।

केही साताअघि अर्थ मन्त्रालयले मुआवजा वितरणको लागि बाँकी रहेको दुई अर्बमध्ये ५० करोड रकम पठाएको थियो । केही व्यक्तिलाई मुआवजा वितरण गर्दै सो रकम सकिएको श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले जनाएको छ ।

भन्सार कार्यालयका लेखापाल शिवराज रूपाखेतीका अनुसार जगाधनीले मुआवजाबापत लिनुपर्ने रकम अर्बौंमा रहेको र सरकारले पठाएको रकम थोरै मात्र भएकोले केही व्यक्तिलाई वितरण गर्दा सो रकम सकिएको जानकारी गराए । करीब छ वर्षअगाडि वीरगंज-१७ अलौस्थित आइसिपी भन्सार र वीरगंज-२५ स्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सारबीचको ६२ बिघा जग्गा अधिग्रहणको लागि नेपाल सरकारले रोक्का राखेको छ । जसमध्ये केहीले मुआवजा पाएर सुक्खा बन्दरगाह वरिपरि जग्गा किनेर घर बनाइरहेका छन् भने मुआवजा नपाउने स्थानीय मुआवजाको पर्खाइमा रहेका छन् ।

मुआवजा पीडित दुईवटा सङ्घर्ष समितिले विभिन्न सङ्घर्षको कार्यक्रम गर्दै चक्काजाम गर्दासमेत राज्य गम्भीर नभएको गाउँलेको गुनासो छ । गाउँलेहरूले नेपाल सरकारबाट अधिग्रहणमा परेका जग्गाधनीलाई तत्काल मुआवजा वितरण गरी उचित निकास दिन आग्रह गरेका छन् । मुआवजामा ढिलाइ हुँदा गाउँलेले जग्गा किनबेच गर्न पाएका छैनन् । घर बनाउन पाएका छैनन् । छोराछोरीको बिहेबारीलगायतका निर्णय लिन पनि समस्या भइरहेको स्थानीय रामभजन ठाकुरले गुनासो गरे ।

यसैबीच, भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत जयबहादुर भण्डारी सरुवा भएका र उनको ठाउँमा डा रामप्रसाद मैनाली आए तापनि थप मुआवजा सरकारसँग मागको लागि कुनै पहल नभएको बुझिएको छ । मुआवजा वितरणमा गाउँका टाठाबाठा, पहुँच भएका व्यक्तिलाई पहिलो प्राथमिकतामा राखेर मुआवजा वितरण भएकामा पनि गाउँलेको आपत्ति छ ।

# साल्ट ट्रेडिङले चालू आवमा

## एक लाख ५५ हजार मेटन मल ल्यायो

प्रस, वीरगंज, १९ असार/

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले चालू आवको १२ महीनामा झन्डै एक लाख ५५ हजार मेट्रिक टन रासायनिक मल भित्र्याएको जनाएको छ ।

वीरगंजस्थित प्रादेशिक प्रमुख अमोज लामिछानेका अनुसार चालू आवमा साल्ट ट्रेडिङको प्रधान कार्यालय काठमाडौं मातहत विराटनगर, वीरगंज र भैरहवा प्रादेशिक कार्यालयमार्फत उक्त मल भित्र्याइएको हो ।

साल्ट ट्रेडिङले चालू आवमा युरिया एक लाख ३१ हजार मेटन, डिएपी ६५ हजार मेटन, पोटास २५ सय मेटन भित्र्याउनुपर्ने जिम्मा पाएकामा युरिया एक लाख ११ हजार मेटन, डिएपी ४५ हजार मेटन भित्र्याएको छ ।

अब युरिया र डिएपी २०/२० हजार मेटन र पोटास पूरै अर्थात् २५ सय मेटन ल्याउन बाँकी रहेकामा केही दिनमैं ती मल पनि आउने क्रममा रहेको उनले जानकारी गराए ।

विराटनगर, वीरगंज र भैरहवा कार्यालयबाट नेपालका पहाडी तथा दुर्गम जिल्लाहरूमा मल आपूर्ति एवं ढुवानी हुन्छ ।

वीरगंज कार्यालयले मधेस प्रदेशका आठ जिल्ला, बाग्मती र गण्डकी प्रदेशमा मल पठाउने गरेको मधेस प्रदेश वीरगंज कार्यालय प्रमुख लामिछानेको भनाइ छ ।



प्रादेशिक कार्यालय, वीरगंजका प्रमुख अमोज लामिछाने । तस्वीरः राधेश्याम पटेल

साल्ट ट्रेडिङले रासायनिक मल आइपिएल इन्डिया र दुबईको विल्सन कम्पनीबाट खरीद गर्ने जनाएको छ । साल्ट ट्रेडिङले भित्र्याएको कुल मलमध्ये ८४ हजार मेटन नेपाल सरकारको कृषि मन्त्रालयको कोटाबाट पाएको थियो भने ग्लोबल टेन्डर अन्तर्गत फास्ट ट्र्याकबाट ४७ हजार मेटन ल्याउने जिम्मा पाएको थियो ।

अहिले युरिया रु ७५०, डिएपी रु २२००, पोटास रु १६०० प्रतिबोरा साल्ट ट्रेडिङको सरकारी दरमा वितरण भइरहेको छ । सहकारीबाट वितरण हुने मलमा ठाउँ अनुसार सहकारीले यातायात र सेवा शुल्कबापत बोरामा रु ५० देखि दुई सयसम्म लिने गरेको छ । कृषि ज्ञान केन्द्रले बनाएको गापा र नपाको रोस्टर अनुसार सहकारी (डिलर)मार्फत मल वितरण हुने गरेको उनले जानकारी गराए ।

# आइसिपीमा निर्माणाधीन पर्खालमा दुई नम्बर इँटा प्रयोग



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १९ असार/

वीरगंज-१७ अलौस्थित वीरगंज भन्सार मातहतको एकीकृत जाँच चौकी (आइसिपी)को पूर्वपट्टि निर्माण भइरहेको पर्खालको काममा ठेकेदारबाट गुणस्तरहीन इँटा प्रयोग भइरहेको गाउँलेले आरोप लगाएका छन् ।

गाउँलेका अनुसार सो पर्खाल निर्माणमा दुई नम्बर इँटा र सिमेन्टको प्रयोग भएको आरोप लगाइएको छ । ठेकेदार पक्षले पैसा बचाउनको लागि कमसल इँटा प्रयोग गरिरहेको बुझिएको छ ।

पाँच सय मिटर लम्बाइ, २० फिट अग्लो एवं १० इन्च चौडा पर्खाल निर्माणको लागि करीब अढाइ करोडमा दिवा/सपना जेभीले ठेक्का सकार गरेको छ ।

यस विषयमा ठेकेदार कम्पनीका प्रमुख प्रकाश गौतमले दुई नम्बर इँटा प्रयोग भइरहेको सूचना आफूकहाँ आए तापनि त्यस्ता इँटालाई निर्माणस्थलबाट तत्काल हटाउन निर्देशन दिएको बताए ।

उनले गुणस्तरको सवालमा आफूहरू लागत स्टिमेट अनुसार नै काम गरेर आइसिपीलाई हस्तान्तरण गर्ने स्पष्ट पारे ।

हार्दिक श्रद्धाञ्जलि



जन्म: वि.सं. १९९७/११/२०

स्वर्गारोहण: २०८०/३/७

स्व. कपिलदेवप्रसाद रौनियार

हाम्रा आत्मीय मित्र मदन रौनियारका पूजनीय पिता **कपिलदेवप्रसाद रौनियार**को स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा श्री पशुपतिनाथले धैर्यधारण गर्नसक्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नेहा दत्त / आलोक दत्त**
**मृदुला अधिकारी / राकेश अधिकारी**
**सुमी गुप्ता / सञ्जु गुप्ता**
**प्रतिमा रौनियार / गोविन्द रौनियार**

विचारसार र सूक्तिहरू

**आत्मा त जमीनमा उद्देश्यको ठेकान गरेर नै आउँछ, आकाङ्क्षाहरूले भौंतारिन बाध्य पारिदिन्छन् ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# डोजर संस्कार नफस्टाओस्

**अहिले नेपालमा जताततै डोजर चलाउने क्रम बढेको छ । डोजर किन आवश्यक पऱ्यो भने परम्परागतरूपमा मानिसले सडक मिचेर वा निर्धारित मापदण्डविपरीत घर बनाएका थिए वा अरूको जग्गा अतिक्रमण गरेका थिए । हिजो सानो आवश्यकता थियो, आज आवश्यकताको विस्तार भएको छ । कुनै पनि नगरका लागि आवश्यकता विस्तार भनेको जग्गाको अधिकतम उपलब्धता हो । यस्तो जग्गा पर्ती, ऐलानी, सार्वजनिक पनि हुन सक्छ वा अतिक्रमणमा परेका जग्गाहरू हुन सक्छन् । यतिसम्म ठीक छ, किनकि आवश्यकता भनेको सबैको सरोकारको कुरा हो । कोही सार्वजनिक जग्गा मिचेर व्यक्तिगत उपभोग गर्ने र कसैलाई हिंड्ने बाटोसम्म नहुने अवस्था दुःखदायी हो । हिजोसम्म मानिससँग हिंड्नका लागि आफ्नो खुट्टाबाहेक साधन थिएन, बिस्तारै साइकल आयो, मोटरसाइकल आयो, कार–जीप आए । विभिन्न कामका लागि ट्रक, दमकल, बस पनि हिंड्ने भए । यसले आवश्यकता बढायो र जग्गाको खोजी हुँदा अतिक्रमित जग्गामा डोजर चल्न थाले ।**

**स्वाभाविकरूपमा अतिक्रमण गर्ने व्यक्तिले नै अतिक्रमित जग्गा खाली गरिदिनुपर्ने हो । पालिकाहरूले यसरी डोजर चलाउने बाध्यता सिर्जना हुनुले नेपाली नागरिकको मानसिकता अतिवादी छ भन्ने सन्देश जान्छ । तर नागरिकले यो कुरा बुझ्दैन । एउटा बाटो, एउटा पार्क, एउटा खाली ठाउँको; आजको युगमा के महत्त्व छ भन्ने कुरा नादान नागरिकले त बुझेको छैन, तर जसले बुझेको छ, उसले झन् धेरै अतिक्रमण गरेको छ । यसरी अतिक्रमण गर्ने वर्ग निश्चय नै हुनेखाने वर्ग हो । उसको पहुँच हुन्छ, पैसा हुन्छ, आलटाल गर्छ, न्यायालयको शरण लिएर कामलाई पछि धकेल्छ । तर एक दिन खाली त गर्नैपर्छ । त्यही क्रममा अहिले पालिकाहरूले डोजर चलाइरहेका छन् । तर पालिका भनेको संस्था हो, उसमा डोजर चलाएर मात्र काम हुन्छ भन्ने मानसिकता विकसित भयो भने भोलि नचाहिने काममा पनि डोजर चलाउन थाल्छ । वा जथाभावी डोजर चलाउन थाल्छ । हामीले पहाडतिर डोजर संस्कृतिले ल्याएको दुष्परिणाम देखि नै सकेका छौं । पानीको मुहान सुक्ने, पहिरो जानेजस्ता समस्याहरू यसै डोजर संस्कृतिले निम्त्याएको हो ।**

**वीरगंज महानगरपालिकाले पनि डोजर चलाएको ठाउँमा बाध्यताले काम गरेको हो । अब त वडा–वडा र टोल–टोलसमेतमा डोजर नचलाई अतिक्रमित जग्गा फुकुवा हुने लक्षण देखिएको छैन । शास्त्रीय आधारमा वीरगंजलाई कस्बा मात्र भन्न सकिने अवस्थाबाट पदोन्नत भएर यो महानगर बन्यो । तर आज पनि यसका गल्लीहरू यति साँघुरा छन् कि आगलागी भयो भने दमकल छिर्न सक्दैन, कति ठाउँ त यस्ता छन्, आकस्मिक कामका लागि एम्बुलेन्ससम्म छिर्ने बाटो छैन । मानिसले सानो लोभमा आफ्नै खुट्टामा बन्चरो प्रहार गरेको छ, तर चेतना भने आएको छैन । माईराम पोखरी अतिक्रमण युगौं पहिले भएको होइन । हिजोआजको कुरा हो, अतिक्रमणकारी गरीब विपन्न पनि होइन, अति सम्पन्न वर्ग हो । तर सम्पन्नताले मानसिक दरिद्रता मात्र ल्याउँदो रहेछ ।**

# कसैलाई नागरिकता किन चाहिन्छ ? (२)

नागरिकताको हकमा हाम्रो वा पूर्वीय दर्शनले 'जहाँ बसहुँ सोही सुन्दर देसा, जो प्रतिपालहुँ सोही नरेसा' भनेको छ । जुन ठाउँ जन्मभूमि हो, त्यो स्वर्गभन्दा सुन्दर हुन्छ भनिएको छ । पछिको समयमा जुन कर्मभूमि हो, त्यो पनि सुन्दर स्वर्गभन्दा कम हुँदैन भन्ने मान्यता पलायो । किनकि कर्मभूमिलाई नागरिक आफैंले बनाउँछ । त्यसैले त हिजो आदिवासीहरूको रहलपहल रहेको अमेरिका आज विश्वको सर्वाधिक शक्तिशाली राष्ट्र बनेको छ । अमेरिकामा आज खोजीपस्ने हो भने खास मूल निवासी अत्यल्प छन् । सबै बाहिरी मुलुकबाट रोजीरोटीको खोजीमा आएका व्यक्तिहरू नै छन् । तर यस लेखको आशय सबै ठाउँ अमेरिकाजस्तै हुनुपर्छ भन्ने होइन, सबै ठाउँको आफ्नो विशिष्टता हुन्छ । तर एउटा अकाट्य तथ्य के हो भने कुनै पनि ठाउँको त्वरित विकास मूल निवासीभन्दा बाहिरका मानिसले नै गर्दछन् ।

नेपालमा मारवाडी समुदाय आउनुभन्दा पहिले व्यापार–व्यवसायको आवश्यकता थिएन भन्ने होइन, सिख (सरदार) हरू आउनुभन्दा पहिले यातायातको खाँचो थिएन भन्ने पनि होइन । कुरा के मात्र हो भने खासखास कामका लागि बाहिरका मानिसहरूको सीप, प्रविधि निर्वाध प्रवेश हुन दिनुपर्छ । त्यस्ता व्यक्तिहरूको प्रवेशले, त्यस्ता व्यक्तिहरू कुनै देशको नागरिक भइदिंदा, सम्बद्ध मुलुकलाई नै लाभ हुन्छ । तर बाहिरबाट आउने त्यस्ता व्यक्तिलाई स्वीकार गर्ने मानसिकता दरो हुनुपर्छ । यस मामिलामा बेलाबेलामा हामीले आफ्नो दरिद्र मानसिकता प्रदर्शित गरेका छौं । पञ्चायतकालमा मारवाडी समुदाय सार्है उत्पीडित थियो । प्रजातान्त्रिक कालमा सरदारहरू पलायन नै भए । त्यो हामीमा अति अन्ध राष्ट्रवाद वा जातिवादले गर्दा भएको हो । यही अन्ध राष्ट्रवादले हामीलाई नागरिकता वितरणप्रति शङ्कालु बनाउँछ ।

साँच्ची भन्ने हो भने नागरिकता सरकारको अधिकार क्षेत्रको कुरा हो । तर हामीकहाँ अन्ध राष्ट्रवादका कारण नागरिकको सरोकारको विषय बनाइयो । यसमा सरकारको नियतप्रति नागरिकको अविश्वासले काम गरिरहेको छ । विदेशतिर कसैलाई नागरिकता दिनु वा नदिनु, न राजनीतिक दलको काम हो, न दिएको वा नदिएकोमा विरोध वा समर्थन जनाउने नागरिकको अधिकार क्षेत्रभित्रको कुरा हो । सरकार आफैंले निर्णय गर्दछ । किनकि त्यहाँको सरकार नियमविपरीत काम गर्दैन । यति मात्र कुरा बुझौं न, कुनै विदेशीले नेपाली नागरिकता पायो भने नेपाली नागरिकको

आफ्नो नगर आफ्नो सरोकार



जगदीशप्रसाद शर्मा

jpsharma2070@gmail.com

**धरतीदेखि आकाशसम्म उन्नतिको मार्ग प्रशस्त गरेर नागरिकको मनोबल उच्च पारेको मुलुकका नागरिक, नेपालको ठूला–ठूला पदमा बसेकाले भूटान शरणार्थी काण्ड रचाएर, ललिताकाण्ड गरेर, काण्डैकाण्डले नेपाली मनलाई उकुसमुकुस पारेका नेताहरूले अटसमटस भएको देशमा के लिन आउँछन् ?**

अधिकार खोसिन्छ वा भागबन्डा लाग्छ भन्ने त्राहित्राहि सरकार र नागरिकमा छ । तर त्यही नेपाली नागरिकलाई बिक्री गरेर विदेशी नागरिक बनाउँदा राष्ट्रवाद कहाँ हराउँछ ? आफ्ना चेलीबेटी देहव्यापारजस्तो तुच्छ काम गर्न विदेशिंदा, भारतका पहाडहरूमा नेपाली नागरिकहरूले मानिसलाई पिठ्यूँमा बोकेर हिंड्दा यो राष्ट्रवाद कहिले चित्कार गर्दैन ।

अविश्वास छ एकअर्काप्रति । आज अमेरिकाले योग्य व्यक्ति, त्यो जुनसुकै मुलुकको होस्, स्वागत गरेर आफ्नो देशमा भित्र्याउँछ, त्यतिले नपुगेर डिभिडी कार्यक्रम गरेर बर्सेनि हजारौं विदेशीलाई ससम्मान बोलाउँछ र ग्रीन कार्ड (नागरिकता प्रमाणपत्र) दिन्छ । नेपाली नीति–निर्माताभन्दा न त्यहाँका नीति निर्माता कुनै कुरामा कम छन्, न त्यहाँका नागरिक नै हामीभन्दा अल्पज्ञानी छन् ।

नेपालमा नागरिकता प्रकरण स्वार्थले जेलिएको छ । नागरिकतालाई जति कष्टसाध्य, दुरुह बनायो, गोजी भर्न पाइन्छ । लौ, विदेशीलाई कुनै पनि अवस्थामा नागरिकता नदिउँ, तर नेपालीलाई नै मृत्युपर्यन्त नागरिकता दिनबाट वञ्चित पार्ने चेष्टालाई के भन्ने ? हिजो जुन कारणले पनि कुनै व्यक्तिलाई यस देशको नागरिकता दिइयो, उसका सन्तानलाई नागरिकता प्रमाणपत्र दिन किन विधान नै पुनर्लेखन गर्नुपऱ्यो, त्यो पनि व्यापक जनदबाबपछि । तर पनि सबैले सजिलै नागरिकता पाउन सकिरहेका छैनन् । अब पनि प्रमाणपत्र पाउन 'अतिरिक्त दस्तुर' तिर्न बाध्य पारिंदै छ । यसबाट के स्पष्ट हुन्छ भने नागरिकताको सवाल राष्ट्र वा राष्ट्रियतासँग गाँसिएको नभएर कर्मचारीको 'अतिरिक्त आय'सँग गाँसिएको छ ।

खासगरी भारतीयहरूलाई नागरिकता दिने सवालमा त एकताका एउटा लाजमर्दो परम्परा नै कायम भएको थियो । जानीजानी भारतीयलाई नागरिकता दिने, दिने व्यक्तिले नै त्यसको खबर समाचारपत्रहरूलाई दिने र आफैंले कारबाई गर्ने नाममा पेशीपिच्छे रकम कुम्ल्याउने ? नेपाली नागरिकता लिने चाहना अहिलेसम्म भारतीयहरूमा, त्यो पनि सीमान्त क्षेत्रका, मात्र देखिएको छ । पहाड वा हिमालतिर त्यस्तो समस्या यदि देखिएको पनि छ भने नेपाली मूलका व्यक्तिहरूमा मात्र । सीमान्त क्षेत्रका भारतीयहरू भाषा, अनुहार, वेशभूषा सबैमा समानता राख्ने भएकाले शङ्का गर्नुपर्ने ठाउँ नभएको होइन, तर देशको एउटा सरकारी निकायले नेपाली को हो भनेर खुट्याउन नसक्नु कस्तो कमजोरी होला ? यही कमजोरीले गर्दा जनदबाब बढ्छ र प्रक्रिया सरलीकृत हुन्छ र यस्तै बेला दाउ खोजिरहेका भारतीयहरूले पनि 'बहती गङ्गा में हात धोना' भन्ने उखान चरितार्थ गर्छन् । दोष भारतीयहरूको भन्दा नेपाली शासक, प्रशासक र नीति नियमको हो । यसमा कर्मचारीहरूको पनि स्वार्थ लुकेको हुन्छ, कहिले न कहिले त्यस्ता भारतीयको पोल खुल्छ, कारबाई हुन्छ र गोजी भर्न पाइन्छ । अब देशमा नै आघात पुग्ने यस्ता क्रियाकलापलाई मानसमा राखेर कसैले काम गर्दछ भने कसको के लाग्छ ?

कसैलाई नागरिक दिंदैमा राष्ट्रघात हुँदैन । तर स्पष्ट मनले, पारदर्शी तरीकाले दिने हो भने कतै बात लाग्दैन । कुनै भारतीय व्यक्तिले आफ्नो सही परिचय दिएर, नेपाल उद्योग–व्यवसाय गर्छु भनेर आउँछ भने उसलाई नागरिकता दिंदा के बिग्रन्छ ? हामीले यो पनि सोच्नुपर्छ कि के त्यस्तो अवसर नेपालमा छ ? हामी कतिसम्म लाचार छौं भने बिजुली बढी भयो भनेर बिजुली बेचेको खबर छाप्छौं, त्यहीं कलकारखानाहरूमा ८–१० घण्टासम्म लोडसेडिङ गर्छौं । नागरिकका लागि लोडसेडिङको युग गयो भन्छौं तर घरीघरी बिजुली आपूर्ति बन्द गर्छौं । किनकि ट्रान्सफरमरले लोड लिन सकेन । भनाइको तात्पर्य हुनेखाने, यस देशमा आएर यहाँको परिस्थिति सुधार्न सक्ने मानिस त यहाँ आउने भएनन्, जो आउँछन् ती आजीविका कमाउनका लागि आउँछन् । तिनलाई नागरिकताको खासै दरकार पनि रहन्न । बरु भारतबाट तरकारी बेच्ने, फलफूल बेच्ने, कपाल काट्ने, खुद्रा सामानहरू साइकलमा घुमाएर बेच्नेहरू आउँछन्, लामो समय यहाँ काम गरेपछि उनीहरूलाई नागरिकताको आवश्यकता पर्छ । सानै परिवेशमा भए पनि उनीहरूले पनि केही न केही त सिकाइ नै रहेका छन् । यस्ता भारतीयहरू नेपाल आउनुपहिले यस्तो पनि व्यवसाय हुन्छ भन्ने सोच कहाँ पलाएको थियो ? उनीहरूले थोक व्यापारीहरूको शोषणबाट उत्पादक र उपभोक्ता दुवैको रक्षा नै गरेका छन् ।

मेरो यो लेखको आशय जति आउँछन् सबैलाई नागरिकता दिउँ भन्ने पनि होइन । नागरिकता प्रमाणपत्र दिने प्रक्रियालाई सरल बनाएर सबै नेपालीको हातमा आफ्नो पहिचान पुगोस् भन्ने मात्र हो । विनाशङ्का–आशङ्का सबै नेपालीलाई नागरिकता दिने सन्दर्भमा कोही कतै भारतीय पर्न सक्ला, तर एक–दुई भारतीयलाई पर्न सक्छ भनेर आफ्नै नागरिकलाई दुःख दिइराख्ने ? आज पनि कुनै भारतीयले नागरिकता लिएको छ, खोज–कारबाई भएको छ भने उसको नागरिकता खारेज नभएको छ र ? यसरी नागरिकलाई सताउनु कुनै पनि अवस्थामा लोकतान्त्रिक मुलुकलाई सुहाउँदैन । न्यायको मामिलामा वैश्विक मान्यता के रहेको छ भने ९९ अपराधी उम्के पनि एक निर्दोषले अनाहक दण्ड पाउनुहुँदैन । यो मान्यता नेपालमा पनि लागू छ, तर एकजना भारतीयले नागरिकता पाउला भनेर लाखौं नेपालीलाई नागरिकताबाट वञ्चित पार्नु के हो ? भारतले आफ्ना नागरिकलाई केही नदिए पनि मान्यता दिएको छ, पहिचान दिएको छ, उसको सरोकारसँग आफूलाई सम्बद्ध राखेको छ । युक्रेनमा युद्ध हुँदा समस्त बल लगाएर आफ्ना विद्यार्थीहरूलाई त्यहाँबाट फिर्ता ल्याएको छ । धरतीदेखि आकाशसम्म उन्नतिको मार्ग प्रशस्त गरेर नागरिकको मनोबल उच्च पारेको मुलुकका नागरिक, नेपालको ठूला–ठूला पदमा बसेकाले भूटान शरणार्थी काण्ड रचाएर, ललिताकाण्ड गरेर, काण्डैकाण्डले नेपाली मनलाई उकुसमुकुस पारेका नेताहरूले अटसमटस भएको देशमा के लिन आउँछन् ?

# 'वित्त नीतिसँग समन्वय हुनेगरी मौद्रिक नीति ल्याइनुपर्छ'

काठमाडौं, १९ असार/रासस

आगामी आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले ल्याएको वित्त नीतिसँग समन्वय हुनेगरी मौद्रिक नीति ल्याउन नेपाल राष्ट्र बैंकलाई विज्ञहरूले सुझाव दिएका छन् ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी)ले मङ्गलवार यहाँ आयोजना गरेको मौद्रिक नीति सम्मेलन, २०२३ मा विज्ञ तथा निजी क्षेत्रका सरोकारवालाले वित्त नीतिसँग समन्वय हुने तथा अर्थतन्त्रका विद्यमान समस्या समाधान गर्नेगरी मौद्रिक नीति ल्याउनुपर्नेमा जोड दिए ।

ब्याजदर घटाएर लगानीमैत्री वातावरण बनाउन, प्राथमिकता प्राप्त क्षेत्र र साना तथा मझौला उद्यमलाई सहज कर्जा प्रवाह गर्न, पुनर्कर्जा र कर्जाको पुनर्तालिकीकरणको व्यवस्था गर्नुपर्ने उनीहरूको भनाइ छ ।

पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले अहिलेको समयमा मध्यमार्गी मौद्रिक नीति आवश्यक रहेको धारणा राखे । "आगामी आर्थिक वर्षको मौद्रिक नीति धेरै कसिलो वा धेरै खुकुलो नभई निश्चित उद्देश्यमूलक ढङ्गले आउन जरुरी छ । ब्याजदर, चालू पूँजी ऋण (वर्किङ क्यापिटल), पुनर्कर्जा, मार्जिन कर्जा र ठूला ऋणीको कर्जामा देखिएका चुनौती व्यवस्थापनलाई मौद्रिक नीतिले सम्बोधन गर्नुपर्छ," पूर्वअर्थमन्त्री डा खतिवडाले भने ।

नेपालले लिएको उच्च राजस्व लक्ष्यसहितको वित्त नीति आफैंमा विस्तारित (एक्सप्लानेटरी) रहेकाले त्यसलाई सन्तुलित बनाउन मध्यमार्गी मौद्रिक नीति आवश्यक रहेको डा खतिवडाको बुझाइ छ । नेपाल राष्ट्र बैंकले कर्जाको आकार बढाउनेभन्दा पनि गुणस्तर बढाउने खालको मौद्रिक नीति ल्याउनुपर्नेमा उनले जोड दिए ।

"कर्जा प्रवाह कति प्रतिशतले बढ्योभन्दा पनि कर्जा कहाँ प्रवाह भयो भन्ने महत्त्वपूर्ण कुरा हो । उत्पादनमूलक क्षेत्र र साना तथा मझौला उद्योगमा कर्जा विस्तारमा जोड दिइनुपर्छ," उनले भने, "वर्किङ क्यापिटल र ओभरड्राफ्टका नाममा भएका कर्जा प्रवाह घरजग्गामा गएको देखिन्छ । बार्गेनिङ गर्न सक्नेले सस्तोदरमा कर्जा पाइरहेको अवस्था छ ।"

कर्जा विस्तारको प्रभाव ब्याजदरमा पर्ने तथा बैंक तथा वित्तीय संस्थाले महँगो ब्याजदरमा निक्षेप उठाएर सस्तो ब्याजदरमा कर्जा प्रवाह गर्न नसक्ने उनको भनाइ छ । "दोहोरो अङ्कको ब्याजदरमा निक्षेप लिएका बैंक तथा वित्तीय संस्थाले अझै एक वर्ष कर्जाको ब्याजदर एकल अङ्कमा झार्न सक्दैनन्," उनले भने, "निक्षेपमा ६/७ प्रतिशत ब्याज दिंदा मात्रा कर्जाको ब्याजदर ९/१० प्रतिशतमा आउन सक्छ ।" उनले निक्षेपको ब्याजदर कम हुँदा तरलता अभावको समस्या फेरि देखिन सक्ने बताए ।

आवश्यकताभन्दा बढी सङ्ख्यामा रहेका (ओभर क्राउडेड) लघुवित्त कम्पनीको सङ्ख्या घटाउन मौद्रिक नीतिमा पूँजी वृद्धि गरी 'ख' वर्गका बैंक बनाउन सुझाव दिए । उनले यस क्षेत्रमा राष्ट्र बैंकले आफ्नो नियामकीय भूमिका बढाउनुपर्नेमा जोड दिए । उनले राष्ट्र बैंकले प्रदेश कार्यालयमार्फत नियमन सुपरीवेक्षणका काम बढाउनुपर्ने बताए । त्यस्तै, सहकारी संस्थाको नियमन गर्न सक्ने अवस्थामा राष्ट्र बैंक नरहेको पनि उनको भनाइ छ ।

डा खतिवडाले विदेशी मुद्रा सञ्चिति व्यवस्थापनका लागि पनि राष्ट्र बैंकले भुक्तानी कस्ने नीति लिन नहुने सुझाव दिए । यसले व्यवसाय गर्ने वातावरणलाई समस्या पर्ने हो कि भन्ने देखिएको उनले बताए ।

नेपाल बैंकर्स सङ्घका उपाध्यक्ष सन्तोष कोइरालाले खराब कर्जा व्यवस्थापन कोष स्थापनाका लागि मौद्रिक नीतिमा व्यवस्था गर्न माग गरे । "पछिल्लो समय खराब कर्जा निकै बढ्दै गएको छ । यो समस्या समाधानका लागि सम्बन्धित निकायको सहकार्यमा खराब कर्जा व्यवस्थापन कोष स्थापना होस् भन्ने हाम्रो मुख्य सुझाव हो," उनले भने ।

चालू आवको बजेटमा राखिएको 'ग्रीन बन्ड'सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि थप कानूनी व्यवस्था गर्नुपर्ने, रिस्क प्रिमियम थप्न पाउनुपर्ने, ऋणपत्रलाई धितोपत्रको दोस्रो बजारमा कारोबार गर्न सकिने व्यवस्था गरिनुपर्ने, 'काउन्टर साइकलिङ बफर' लागू हुने समयसीमा एक वर्ष थपिनुपर्नेलगायतका सुझाव उनले दिए ।

त्यस्तै, हाल सानो रकममा छरिएर खर्च भइरहेको संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)लाई थप

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# आठ वर्षमा साढे तीन लाख स्वास्थ्य जनशक्ति आवश्यक –आयोग

काठमाडौं, १९ असार/रासस

चिकित्सा शिक्षा आयोगले आर्थिक वर्ष २०८७/८८ सम्ममा साढे दुई लाखभन्दा बढी स्वास्थ्य जनशक्ति आवश्यक हुने प्रक्षेपण गरेको छ। आयोगले आर्थिक वर्ष २०७७/७८ लाई आधार मानी गरेको अध्ययनमा उक्त प्रक्षेपण गरेको हो।

आयोगका अनुसार सो अवधिभित्र सरकारी र निजी स्वास्थ्य संस्थामा महिला स्वास्थ्य स्वयंसेविका र कार्यालय सहयोगीसहित तीन लाख ५८ हजार ९३८ स्वास्थ्य जनशक्ति आवश्यक पर्नेछ। आयोगले सो अवधिसम्म चिकित्सक र स्वास्थ्यकर्मी मात्रै दुई लाख ५७ हजार ९१ आवश्यक हुने निष्कर्ष निकालेको छ।

आयोगका उपाध्यक्ष प्राडा श्रीकृष्ण गिरीले हाल कार्यरत जनशक्ति सेवानिवृत्त हुने र विदेशिने सङ्ख्याका आधारमा जनशक्ति प्रक्षेपण गरिएको जानकारी दिए। "सरकारले निर्माण गरिरहेका आधारभूत स्वास्थ्य संस्थालाई समेत आधार मानी स्वास्थ्य जनशक्ति प्रक्षेपण गरिएको छ," उनले भने।

उनका अनुसार २०८८ सालसम्म स्वास्थ्य जनशक्तिको सङ्ख्या तीन दशमलव छ प्रतिशतले प्रक्षेपण गरिएको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रति एक हजारमा न्यूनतम चार दशमलव ४५ स्वास्थ्य जनशक्ति हुनु राम्रो मानिन्छ।

आर्थिक वर्ष २०७७/७८ मा स्वास्थ्य संस्थामा दुई लाख ३४ हजार ३६१ जनशक्ति आवश्यक रहेकामा ५६ हजार ५२ जना कम अर्थात् एक लाख ७८ हजार ३०९ मात्रै कार्यरत थिए।

प्रतिवेदनमा आव २०७७/७८ सम्ममा सञ्चालित स्वास्थ्य संस्था, सरकारी, निजी तथा गैरसरकारी अस्पताल, मेडिकल कलेज, नर्सिङ होम, क्लिनिक तथा शय्या सङ्ख्या प्रदान गरिने सेवाका लागि आवश्यक जनशक्तिको आकलन गरिएको आयोगको भनाइ छ। विसं २०८८ सम्म एमबिबिएस १६ हजार ७८४, विशेषज्ञ चिकित्सक कन्सल्टयान्ट (स्नातकोत्तर) १५ हजार ४३५, नर्सिङ पेशाविद् (स्नातकोत्तर) ४११ आवश्यक



तनहुँको शुक्लागण्डकी नगरपालिका–५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा शल्यक्रिया सेवा दिँदै चिकित्सक। तस्वीरः रासस

हुने आयोगको प्रक्षेपण छ।

नर्सिङ सहायक (स्नातक) तीन हजार ३५९, नसिङ तथा प्रसूतिसम्बन्धी सहायक (प्रमाणपत्र तह) ८८ हजार २४, परम्परागत तथा वैकल्पिक चिकित्सा (स्नातक तथा स्नातकोत्तर तह) दुई हजार ८३, परम्परागत तथा सहायक चिकित्सक प्राविधिक (प्रमाणपत्र तह) दुई हजार ११८ जनशक्ति आवश्यक पर्नेछ।

सो अवधिसम्म अन्य स्वास्थ्य सम्बद्ध पेशा (स्नातकोत्तर तह) दुई हजार ६८८, अन्य स्वास्थ्य सम्बद्ध सहायक पेशा (स्नातक तह) २३ हजार १५०, अन्य स्वास्थ्य सम्बद्ध सहायक पेशा (प्रमाणपत्र तह) एक लाख चार हजार ३९ उत्पादन हुनुपर्नेछ।

त्यसैगरी, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका ५७ हजार ४३ जना र श्रेणीविहीन कार्यालय सहयोगी, सरसफाइ तथा सवारी चालक ४४ हजार ८०४ जना स्वास्थ्य जनशक्ति आवश्यक हुने आयोगको भनाइ छ।

आयोगले विसं २०८३ सालमा दुई लाख ४५ हजार ४६३ स्वास्थ्य जनशक्ति र ५४ हजार ४६३ महिला स्वास्थ्य स्वयंसेविका र ४२ हजार ७७७ श्रेणीविहीन कार्यालय सहयोगी, सरसफाइ कर्मचारी र सवारी चालक आवश्यक हुने प्रतिवेदनमा उल्लेख गरेको छ।

यस वर्ष चिकित्सकतर्फ स्नातक तहमा सात हजार ६५९, स्नातकोत्तर तहमा एक हजार ६८४ र स्नातकोत्तरभन्दा माथि १०९ जनशक्ति उत्पादन हुने आयोगको भनाइ छ। यस्तै, नर्सिङ, जनरल मेडिसिन, डेन्टल साइन्स, आयुर्वेदिक हेल्थ साइन्स, फिजियोथेरापी, फार्मेसीलगायत ११ मध्यम तथा आधारभूत तहका विषयमा १२ हजार १०२ स्वास्थ्यकर्मी उत्पादन हुनेछन्।

नेपालमा सरकारले स्थानीय तहमा बनाउन थालेका आधारभूत अस्पतालसहित सात हजार ८८९ सरकारी र निजी दुई हजार २५० गरी १० हजार १३९ स्वास्थ्य संस्था सञ्चालनमा छन्।

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो

काठमाडौं, १९ असार/रासस

यो साताको सुरुआती दुई दिन ओरालो लागेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा मङ्गलवार दोहोरो अङ्कले बढेको छ। आजको कारोबारमा नेप्से परिसूचक १२ दशमलव ७३ अङ्कले बढेर दुई हजार ८८ दशमलव ७० अङ्कमा कायम भएको हो।

आज विभिन्न २८२ कम्पनीका ६४ लाख ५० हजार ९३४ कित्ता शेयर ४६ हजार ७३१ पटक खरीद–बिक्री हुँदा रु दुई अर्ब ५७ करोड ६१ लाख ४० हजार १२८ बराबरको कारोबार भएको छ।

नेप्से परिसूचकसँगै सबै समूहको सूचक पनि हरियो देखिएको छ। सबैभन्दा धेरै होटल तथा पर्यटन समूह १३३ दशमलव ३४ र निर्जीवन बीमा समूह ७८ दशमलव

(बाँकी अन्तिम पातामा)

# प्रधानमन्त्रीद्वारा "मेमोरी किङ" शर्मालाई बधाई

काठमाडौं, १९ असार/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मेमोरी किङका रूपमा चर्चित अर्पण शर्मालाई बधाई तथा शुभकामना दिएका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा मङ्गलवार बिहान भएको भेटमा प्रधानमन्त्री दाहालले शर्मालाई नेपालीको नाम विश्वमा राख्न सफल भएकोमा बधाई दिंदै आगामी दिनमा थप सफलताको शुभकामना दिए।

शर्माले एक मिनटमा ८३ वस्तुको क्रम स्मरण गरेर विश्व कीर्तिमान काम गरेका हुन्। उनले त्यसको श्रेय आफ्नो ध्यान, साधना र 'मेमोरी टेक्निक'लाई दिएका छन्। थप विश्व रेकर्ड कायम गर्ने अठोट गरेका शर्माले विद्यार्थीलाई पनि स्मरण शक्ति बढाउने तालीम दिंदै आएका छन्।




तस्वीरः रासस

स्मरण शक्तिको विधामा दोस्रो विश्व रेकर्ड कायम गरेका शर्माले छिट्टै तेस्रो रेकर्ड बनाउने तयारी गरेका छन्। शर्माले यस अघि सन् २०१५ मा एक मिनटमा ४२ वस्तुको क्रम स्मरण गरेर गिनिज बूकमा नाम लेखाएका थिए।

शर्माले रासससँग कुरा गर्दै भने– "यो विश्व रेकर्डको प्रमाणपत्र मेरो मात्रै नभई सम्पूर्ण नेपालीको हो भन्ने मैले महसूस गरेको छु। आगामी दिनमा अझै थुप्रै वर्ल्ड रेकर्ड बनाएर नेपालको नाम विश्व सामु फैलाउने सोच बनाएको छु।"

# अर्थ मन्त्रालयलाई करीब रु पाँच खर्ब राजस्व उठाउने चुनौती

काठमाडौं, १९ असार/रासस

चालू आर्थिक वर्षमा राजस्व सङ्कलनको लक्ष्य रु १४ खर्ब तीन अर्ब १४ करोड राखिएकामा असार १८ गतेसम्म रु आठ खर्ब ९९ अर्ब पुगेको छ।

अर्थ मन्त्रालयका अनुसार यो राजस्व सङ्कलन लक्ष्यको करीब ६४ प्रतिशत हो। चालू आवको लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न अब बाँकी अवधिमा करीब रु पाँच खर्ब उठाउनुपर्ने हुन्छ।

आयात घटेकाले भन्सारबाट हुने राजस्व सङ्कलनमा कमी आएको र कसिलो मौद्रिक नीति र निजी क्षेत्रमा लगानी कमजोर हुँदा पूर्वाधार निर्माणमा पनि यस अवधिमा अपेक्षित सफलता हासिल हुन कठिनाइ परेको मन्त्रालयको भनाइ छ। सो अवधिमा आयात घटेको, विप्रेषण र पर्यटक आगमनमा सुधार भएकाले व्यापार घाटा कम भएको मन्त्रालयको भनाइ छ।

भन्सारतर्फ राजस्व असुली लक्ष्य रु छ खर्ब नौ अर्ब ५४ करोड लक्ष्य रहेकामा जेठ मसान्तसम्ममा रु तीन खर्ब ४८ अर्ब १८ करोड मात्र उठेको छ। यो लक्ष्यको ६१ दशमलव २९ प्रतिशत मात्र हो।

आन्तरिक राजस्व विभागतर्फ रु पाँच खर्ब २४ अर्ब ३४ करोडको राजस्व सङ्कलन लक्ष्य निर्धारण गरिएकामा उक्त अवधिसम्म रु चार खर्ब १० अर्ब ८२ करोड मात्र उठेको छ। यो लक्ष्यको ७० दशमलव १५ प्रतिशत हो। आन्तरिक उत्पादन र व्यापार घट्न गई आन्तरिक राजस्व अपेक्षित बढ्न नसकेको मन्त्रालयको भनाइ छ।

गैरकर सङ्कलनतर्फ भने अघिल्लो वर्षको तुलनामा ११ दशमलव ८८ प्रतिशत बढी अर्थात् रु ७७ अर्ब ७५ करोड राजस्व सङ्कलन भएको छ। यस अवधिमा सङ्घीय सरकारको खर्च भने रु १२ खर्ब ५४ अर्ब भएको छ।

मन्त्रालयका अनुसार चालूतर्फ रु नौ खर्ब २९ करोड, पूँजीगततर्फ रु एक खर्ब ६८ अर्ब, वित्तीय व्यवस्थापनतर्फ रु एक खर्ब ५५ अर्ब खर्च भएको छ। चालू आर्थिक वर्षको खर्च बेहोर्ने स्रोतमा राजस्वतर्फ रु १२ खर्ब ४० अर्ब तथा अनुदान प्राप्ति रु ५५ अर्ब, वैदेशिक ऋण रु दुई खर्ब ४२ अर्ब र आन्तरिक ऋण रु दुई खर्ब ५६ अर्ब छ। चालू आर्थिक वर्षको बजेट रु १७ खर्ब ९३ अर्ब रहेकामा चालूतर्फ रु ११ खर्ब ८३ अर्ब पूँजीगततर्फ रु तीन खर्ब ८० अर्ब र वित्तीय व्यवस्थापनतर्फ रु दुई खर्ब ३० अर्ब छ। समितिको बैठकमा बैंक तथा वित्तीय संस्थामा हाल निक्षेप रु ५४ खर्ब ५३ अर्ब ४४ करोड सङ्कलन भएको जानकारी दिइयो।

चालू खर्चभित्र प्रदेश र स्थानीय तहलाई हस्तान्तरण हुने रु चार खर्ब २९ अर्ब छ। आगामी आर्थिक वर्षका लागि विनियोजन बजेट अधिकतम सदुपयोग गर्न राज्य संयन्त्र र अन्य सरोकारवाला निकायबीच क्रियाशील, सक्रियता र समर्पण भएमा लक्ष्य हासिल गर्न सकिने जनाउँदै अर्थमन्त्री डा प्रकाशरण महतले सरकार बजेट कार्यान्वयनमा गम्भीर भएर लाग्ने भएकोले सहयोग र समन्वयनका लागि समितिसँग आग्रह गरे।

उनले भने, "स्थानीयवासीलाई रोजगार दिने नाममा नचाहिने ठाउँमा पनि सडक पुऱ्याउने होडबाजीलाई रोक्नुपर्छ, आवश्यकताका आधारमा बजेट सदुपयोग हुने ढङ्गले खर्च गर्ने परिपाटी विकास गर्न आवश्यक छ।"

चालू खर्चको वृद्धि राजस्व असुलीको दरभन्दा बढी रहेको तथा बर्सेनि १० खर्बभन्दा बढी अनिवार्य दायित्वमा खर्च हुने गरेकाले आन्तरिक स्रोतले धान्नसमेत धौधौ परेको मन्त्रालयका राजस्व सचिव डा रामप्रसाद घिमिरेले बताए।

चालू आर्थिक वर्षमा आन्तरिक ऋणको साँवा तथा ब्याज भुक्तानीमा रु ४३ अर्ब, रासायनिक मल खरीदमा रु सात अर्ब, कर्मचारी, शिक्षक र सुरक्षाकर्मीको वृद्धि भएको तलबभत्तामा ३० अर्ब र सामाजिक भत्तामा रु छ अर्ब थप बजेट व्यवस्था गर्नुपरेको थियो।

चालू खर्चमा मितव्ययिता कायम गर्न र पूँजीगत खर्चलाई पुनः प्राथमिकीकरण गरी बजेट कार्यान्वयन गरिएको तथा केही खर्च शीर्षकमा बजेट रोक्का र केही खर्च शीर्षकको बजेट कटौती गरी कार्यान्वयन गरिएको जानकारी अर्थ मन्त्रालयले दिएको छ। सुरक्षाकर्मीको रासन र कैदीबन्दीको सिदाका लागि रु दुई अर्ब थप स्रोत व्यवस्थापन गर्नुपर्ने अवस्था छ। स्रोतमा परेको दबाबका कारण स्रोत सहमतिलाई कडाइ गरिएको छ।



**माझखर्क गाउँः** बागलुङको ताराखोला गाउँपालिका–१ स्थित माझखर्क गाउँ। जिल्लाकै विकट मानिने यो गाउँ सडक सञ्जालले जोडिएपछि अहिले सुगम बन्दै गएको छ। तस्वीरः रासस

# गूगल, फेसबूक, माइक्रोसफ्टलगायत छ कम्पनी नेपालको कर प्रणालीमा दर्ता

काठमाडौं, १९ असार/रासस

सूचना प्रविधि र डिजिटल सेवाका क्षेत्रमा काम गरिरहेका गूगल, फेसबूक र माइक्रोसफ्टलगायतका छवटा अन्तर्राष्ट्रिय कम्पनी नेपालको कर प्रणालीमा दर्ता भएका छन्।

नेपालमा विद्युतीय सेवाको कारोबार गर्ने विदेशी कम्पनीलाई करको दायरामा ल्याउन चालू आर्थिक वर्षको आर्थिक ऐनमार्फत सरकारले विद्युतीय सेवा कर (डिजिटल सर्भिस टयाक्स)सम्बन्धी व्यवस्था गरेको थियो। सोही व्यवस्था अनुसार हालसम्म छवटा विदेशी कम्पनी दर्ता हुन आएका ठूला करदाता कार्यालयका कर अधिकृत साधुराम पुडासैनीले जानकारी दिए। विद्युतीय सेवा कर तिर्ने कम्पनी ठूला करदाता कार्यालयमा दर्ता भइरहेका छन्।

ठूला करदाता कार्यालयका अनुसार सिङ्गापुरमा कार्यालय रहेका तीनवटा कम्पनी गूगल एशिया प्यासिफिक प्राइभेट लिमिटेड, माइक्रोसफ्ट रिजनल सेल्स प्राइभेट लिमिटेड र लिङ्कडइन सिङ्गापुर प्राइभेट लिमिटेड दर्ता भएका छन्।

त्यस्तै, संयुक्त राज्य अमेरिकाको ब्लुमिङ्टन ठेगाना राखिएको एनसिएस पिअर्सन इन्कर्पोरेशन र वेल्मिङ्टन काउन्टी अफ न्यू क्यासल ठेगाना भएको इब्स्को इन्टरनेशनल इन्कर्पोरेशन पनि ठूला करदाता कार्यालयमा दर्ता भएका छन्। डब्लिन आयरल्यान्ड ठेगाना भएको मेटा प्लाटफर्म्स आयरल्यान्ड लिमिटेड पनि नेपालमा दर्ता भएको छ।

हालसम्म नेपालमा दर्ता भएका कम्पनीमध्ये गूगल एशिया प्यासिफिक प्राइभेट लिमिटेड विश्वको सबैभन्दा ठूलो सर्च इन्जिनमध्येको एक गूगलको माउ कम्पनी हो। त्यस्तै, सामाजिक सञ्जाल फेसबूक (इन्स्टाग्राम र ह्वाट्सएपसमेत) र लिङ्कडइन पनि दर्ता भएका छन्।

चालू आर्थिक वर्षको आर्थिक ऐनले 'गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर लगाइ असुल गरिनेछ' भनी व्यवस्था गरेको थियो। वार्षिक रु २० लाखसम्मको कारोबारमा भने यस्तो कर नलाग्ने व्यवस्था आर्थिक ऐनमा राखिएको छ। ऐनको व्यवस्था अनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आय वर्ष अनुसार आफ्नो कारोबारको विवरण तथा कर दाखिला गर्नुपर्छ तर ठूला करदाता कार्यालयमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आबद्ध गराउने र कर तिराउने

(बाँकी चौथो पातामा)

# तराई केन्द्रित जनसङ्ख्या, चुनौतीसँगै अवसर पनि

विचार



चेतन अधिकारी

**बसाइँ सर्ने मानिसहरू अक्सर साहसी, सिर्जनशील, पढालेखेका, जोखिम मोल्न सक्ने, युवा र तुलनात्मकरूपमा आर्थिकरूपले सम्पन्न वर्गका हुन्छन् । यसको परीक्षणका लागि हामीले हाम्रो गाउँछिमेकलाई नयाँ थातथलो बनाउन आएका छिमेकीहरूलाई हेरौं ।**

राष्ट्रिय जनगणनाले देशको जनसङ्ख्या स्थिरतातर्फ उन्मुख भएको देखाउँदा आन्तरिकरूपमा भने जनसङ्ख्या घट्ने र बढ्ने दरमा भिन्नता छ । कुनै भूगोलमा जनसङ्ख्या बेस्सरी थुप्रिंदो अवस्थामा छ भने कुनै भूगोल निर्जन हुने हुन् कि भन्ने चिन्ता थपिंदो छ। गत चैतमा प्रकाशित राष्ट्रिय जनगणना २०७८ को नतीजाको प्रतिवेदनले नेपालको जनसङ्ख्या वितरणको खाडललाई उजागर गरेको छ । देशको एकमुस्ट जनसङ्ख्या, वृद्धिदर, जनघनत्व आदिको तथ्याङ्क हेर्दा नेपाल जनसाङ्ख्यिक हिसाबले सुविधाजनक र सन्तोष गर्ने ठाउँमा छ। किनकि यहाँको जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत मात्र छ। जनघनत्व १९८ प्रतिवर्गकिलोमिटर छ। कुल प्रजनन दर २.१ प्रतिमहिला मात्र छ। यो अवस्था प्राप्त गर्नु निश्चय नै खुशीको खबर हो।

नेपालभित्र पसेर आन्तरिकरूपमा जनसाङ्ख्यिक अवस्था केलाउँदा हिमाल र पहाडका ३४ वटा जिल्लाको जनसङ्ख्या घटेको छ । बाँकी रहेका पहाडी जिल्लामा जनसङ्ख्याको वृद्धिदर न्यून छ । तराईका २० वटा जिल्लाको जनसङ्ख्या वृद्धिदर उच्च छ । प्राकृतिकरूपमा हुने जनसङ्ख्याको वृद्धिदर तीनवटै भूगोलमा समानजस्तै छ । जनसङ्ख्या घटबढको कृत्रिम कारण बसाइँसराइले नेपालको जनसाङ्ख्यिक सन्तुलन खल्बल्याउने अवस्थामा पुगेको छ । जनसङ्ख्या घटबढ गराउने मुख्य तीनवटा कारण हुन्छन् । जन्म, मृत्यु र बसाइँसराइ । जन्मले जनसङ्ख्या बढाउँछ मात्र । मृत्युले घटाउँछ मात्र तर बसाइँसराइ यस्तो तत्त्व हो, जसले उद्गमस्थलमा जनसङ्ख्या घटाउँछ भने गन्तव्यस्थलमा जनसङ्ख्या बढाउँछ । अर्थात् बसाइँसराइमा जनसङ्ख्या घटाउने र बढाउने दुवै भूमिका एउटै व्यक्तिले निर्वाह गर्न सक्छ। जनगणनापछि हिमाल र पहाडमा जनसङ्ख्या घटेकामा चिन्ता धेरै गरियो। बहसहरू पनि यतैतिर केन्द्रित भए । तर सानो भौगोलिक क्षेत्रफल ओगटेको तराईले जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा (५३.३ प्रतिशत) को भार बोक्नुपर्दा आउन सक्ने असर प्रभावका बारेमा कमै मात्र बहस भएको महसूस भएको छ ।

**हिमाल, पहाडमा जनसङ्ख्या घट्दा तराईमा यसरी थपियो**

विसं २०७८ को जनगणना अनुसार नेपालमा दुई करोड ९१ लाख ६४ हजार ५७८ छ। यसमध्ये नेपालको तराई क्षेत्रमा एक करोड ५६ लाख ३४ हजार छ जनसङ्ख्या रहेको छ । पहाडमा एक करोड १७ लाख ५७ हजार ६२४ र हिमालमा १७ लाख ७२ हजार ९४८ जनसङ्ख्या रहेका छन् । भौगोलिक विभाजन अनुसार तराई क्षेत्रमा झापादेखि कञ्चनपुरसम्म २१ वटा जिल्ला पर्छन् । नवलपरासीलाई एक जिल्लाबाट दुई जिल्लामा विभाजन गरेपछि तराईमा २१ वटा जिल्ला गणना गरिएको छ । कुनै बेला जङ्गलको खानी र औलोको खानीका रूपमा रहेको तराई विभिन्न समयमा भएका राजनीतिक आन्दोलन, सरकारी नीति तथा औलो उन्मूलनपछि बस्न योग्य भएको हो । सुरुआती चरणमा वर्षभरि खान पुग्ने, पहाडको तुलनामा सुखसयलको उपभोग गर्न पाइने गन्तव्यका रूपमा विकास भएको तराई माओवादी सशस्त्र द्वन्द्वका बेला सुरक्षित स्थानको रूपमा मानिंदै मानिसको बसाइँसराइको लहर यतातिर सोझिएको हो। त्यसको प्रमाणका रूपमा माओवादी सशस्त्र द्वन्द्वको सुरुआत नहुँदै २०४८ सालमा भएको जनगणनामा तराई क्षेत्रको जनसङ्ख्या कुल जनसङ्ख्याको ४६.७ प्रतिशत मात्र थियो। तर सशस्त्र द्वन्द्व चरम अवस्थामा पुगेको बेला २०५८ सालमा भएको जनगणनामा ४८.४ प्रतिशत पुग्यो ।

विसं २०७२ देखि नेपालमा सङ्घीय लोकतान्त्रिक व्यवस्था लागू भएपछि तराईमा झर्ने मानिसको बहाव कम होला भन्ने अनुमान गरिएको थियो । सङ्घीयतासँगै मानिसहरूले विकास, स्रोत, साधन र राजनीतिक, सामाजिक पहुँच आदिको पनि समान वितरणको आशा राखेका थिए। तर संविधान जारी हुनुपूर्व र संविधान जारी भइसकेपछि भएका दुई जनगणनाका तथ्याङ्क हेर्दा मानिसहरूको बहाव र रोजाइ बदलिएन। एक अर्थले भन्दा सङ्घीयताबाट हिमाल र पहाडका अपेक्षा पूरा हुन सकेनन् । २०६८ सालमा भएको जनगणनामा नेपालको ५०.३ प्रतिशत जनसङ्ख्या तराई क्षेत्रमा बसेको थियो भने संविधान जारी भएपछि २०७८ सालमा भएको जनगणनामा ५३.३ प्रतिशत मानिसहरू तराईमा बसेको देखियो ।

नेपालको अन्नभण्डारका रूपमा तराईलाई चित्रित गरिन्छ । हुन पनि समथर मैदान, सिंचाइयुक्त क्षेत्र भएकाले यसले नेपालको पहाडी र हिमाली क्षेत्रलाई अतिरिक्त अनाज आपूर्ति गर्ने मात्र होइन भारतमा निर्यात पनि गर्ने हैसियत राख्थ्यो। त्यसको उदाहरणका रूपमा भद्रपुर, रङ्गेली, गौरीगंजजस्ता सीमावर्ती बजारलाई लिन सकिन्छ । जहाँ ठूला ठूला धान मिलहरू थिए । नेपालमा उत्पादन भएका धान, चामल भारतका बजारमा बिक्री गरिन्थ्यो। अहिले अवस्था उल्टिएको छ। हिजो धान उत्पादन गर्ने खेतहरू घरले भरिएका छन् । मानिसहरूको रुचि कृषि क्षेत्रमा घट्दो छ । उत्पादन त्यसै अनुसार साँघुरिंदो अवस्थामा छ। यसले गर्दा धान, चामल निर्यात गर्ने मिलहरू जीर्ण बनेका छन् । हिजो आफैंले निर्यात गर्ने सीमावर्ती बजारबाट हामीहरू धान, चामल किनेर पालिएका छौं ।

विसं २०२८/२९ तिर राजा महेन्द्रले पूर्व–पश्चिम राजमार्गको अवधारणा ल्याएपछि र ठाउँठाउँमा जङ्गल फाँडेर बस्ती बसाउने अनुमति दिएपछि हिमाली र पहाडी क्षेत्रबाट मानिसहरू तराईतिर ओइरिन थालेका हुन् । नेपालको इतिहासमा २०२८ देखि २०३८ सालको एक दशकलाई एक प्रकारले बसाइँसराइको दशक माने पनि हुन्छ । किनकि २०२८ सालको जनगणनामा ३७.६ प्रतिशत भएको तराईको जनसङ्ख्या पूर्व–पश्चिम राजमार्गको निर्माण प्रारम्भ र सम्पन्न भएपछि यति बढ्यो कि २०३८ सालमा भएको जनगणनामा छ प्रतिशत बढेर ४३.६ प्रतिशत मानिसहरू तराईमा बस्ने भइसकेका थिए ।

**तराईमा बसोबास गराउन सरकारी प्रोत्साहन**

तत्कालीन सरकारले पहाडबाट मधेसमा बसाइँसराइलाई उत्प्रेरित गर्न विभिन्न प्रकारका कार्यक्रमहरू अघि सारेको थियो । विभिन्न पञ्चवर्षीय योजनाकालमा आकर्षक प्रस्तावसहित पहाडबाट तराईतिर बसाइँ सार्न राजा महेन्द्रले थालेका थिए। नेपालमा पहाडबाट तराईलाई आबाद गरेर बसोबासका लागि प्रेरित गर्न अघि सारिएका केही कार्यक्रमहरू यस्ता थिए। राप्ती उपत्यका बहुउद्देश्यीय परियोजना (सन् १९५६–६२), खजुरा पुनर्वास परियोजना बाँके (१९६६), जमुनी पुनर्वास परियोजना बर्दिया (१९७०), झापा पुनर्वास परियोजना (१९७०), प्रशासन पुनर्वास परियोजना (१९७०), धनेवा पुनर्वास परियोजना नवलपरासी (१९७५), जुगेडा पुनर्वास परियोजना (१९७५) आदि ।

पहिलो पञ्चवर्षीय योजनाकालदेखि निरन्तरता दिइँदै आएको यो कार्यक्रमलाई छैटौं पञ्चवर्षीय योजनाकाल (१९८०–८५)मा कञ्चनपुर, बर्दिया, सर्लाही, नवलपरासी, कैलाली, झापालगायतका जिल्लामा विस्तार गरिएको थियो। यी जिल्लाहरूमा पहाडी र हिमाली क्षेत्रबाट मानिसहरू ल्याउनका लागि सन् १९६४ मा सरकारले पुनर्वास कम्पनी नै स्थापना गरेर पहाडबाट तराईतिरको बसाइँसराइलाई उत्प्रेरित गरेको थियो। शुरूमा पूर्व–पश्चिम राजमार्ग आसपासका ठाउँहरूमा बसाइँसराइको सघन प्रभाव थियो । पछिल्ला वर्षहरूमा ती ठाउँमा मानिसहरू भरिए, नयाँ बसाइँ सरुवाहरूले त्यस क्षेत्रमा जमीन किन्ने हैसियत पुऱ्याउन नसकेर र जनसङ्ख्याको वृद्धिसँगै तराईका गाउँहरूमा सानासाना शहरहरूको विकास भएका कारण मानिसहरू भित्री गाउँसम्म पुगेर बसोबास गर्ने क्रम बढाएका छन् । त्यसैले गर्दा मिहीन ढङ्गले हेर्ने हो भने पछिल्ला वर्षहरूमा राजमार्गमा जोडिएका शहरहरू भरिंदै गएपछि त्यससँगै जोडिएका दक्षिणतिरका साना शहरहरूको जनसङ्ख्या वृद्धिदर उच्च छ । उदाहरणका लागि बुटवल उपमहानगरको जनसङ्ख्या वृद्धिदर (३.३२ प्रतिशत)भन्दा तिलोत्तमा नगरपालिकाको जनसङ्ख्या वृद्धिदर (३.८४) उच्च रहेको छ। जहाँ राजमार्गका शहरको फैलावटको सम्भावना उच्च बिन्दुमा पुगेको छ । त्यहाँबाट मानिसहरू दक्षिणतर्फ धकेलिन थालेका छन् ।

**तराईका दुई दुःख**

तराईको दुःख आन्तरिक मात्र छैन, बाह्य जनसङ्ख्याको भार बोक्नुपर्ने पनि छ । खुला सिमानाका कारण नेपालमा दक्षिणबाट मानिसहरू आवतजावत गर्न कुनै रोकटोक छैन । त्यस कारण ठूलो सङ्ख्यामा दक्षिणतिरका मानिसहरू पनि तराई क्षेत्रमा बसोबास गरेका छन् भनेर विभिन्न समाचार र प्रतिवेदनमा बेलाबेला सार्वजनिक हुने गरेकै छ । यी सबैको कुल योग भनेको तराईमा एक प्रकारको जनसङ्ख्या बहुलताको समस्या हो ।

यसो भनेर यति जनसङ्ख्यालाई तराईले थेग्नै सक्दैन भन्ने चाहिं होइन । जनसङ्ख्याको यो आकर्षणलाई व्यवस्थित गर्ने, अन्नभण्डारका रूपमा रहेको तराईको पहिचानलाई कायमै गर्ने, निर्यातलाई निरुत्साहित गर्ने जिम्मेवारीको अंश पनि तराई क्षेत्रलाई बढी छ। त्यसले गर्दा तराईमा ढिलो नगरी एकीकृत बस्ती विकासका कार्यक्रम, कृषि र बसोबासको जमीनको वर्गीकरण, व्यवस्थित शहरीकरण, उद्योगधन्दा, विद्यालय र अस्पताल, विमानस्थल आदि जस्ता पूर्वाधारको सञ्चालनका दीर्घकालीन योजना जरुरी छन् ।

नेपालमा अहिले तीन तहका सरकार छन् । तीनै तहका सरकारले जेठदेखि असारको १० गतेसम्ममा नीति र कार्यक्रमहरू प्रस्तुत गरे। राज्यले नै करीब रु चार अर्ब लगानी गरेर गरेको जनगणनाको नतीजा प्रकाशन भएका दुई महीना नबित्दै ल्याएका नीति कार्यक्रममा त्यसको कुनै झल्को पाइँदैन। राज्यलाई कुनै नयाँ तथ्याङ्कको आवश्यकता नपरेको हो भने वर्षको झन्डै ४० करोड रुपियाँ किन जनगणनाका नाममा लगानी गरिएको हो ? तथ्याङ्क आवश्यक परेको हो भने सङ्घीय, प्रदेश र स्थानीय सरकारले बनाउने नीति नै यिनै 'फ्रेस तथ्याङ्क'लाई आधार मानेर बनाउनुपर्ने हो किन त्यसो नभएको हो ? जनगणनाको मुख्य औचित्य भनेकै देशमा रहेको जनसङ्ख्याका आधारमा समुचित विकास गर्न, देशमा बसोबास गरेका मानिसलाई राज्यले उपलब्ध गराउने सेवाप्रवाहलाई सहज र सरल बनाउन, मानिसको बसोबासका आधारमा साधन स्रोतको समुचित वितरण गर्न उपयोग गर्नुपर्ने हो तर त्यसो भएको पाइएन ।

**सानो भूगोलमा ठूलो जनसङ्ख्या, राजनीतिको नयाँ एजेन्डा**

सघन जनसङ्ख्याको भार खेपिरहेको तराईले आगामी दशकहरूमा राजनीतिमा नयाँनयाँ मुद्दाहरू स्थापित गर्ने कुराका सङ्केतहरू त अहिले नै देखिन थालेका छन्। तर अहिले चाहिं यस ठाउँमा बसोबास गर्न आएका मानिसहरूलाई व्यवस्थितरूपमा बसाउन सकिएन भने आगामी केही दशकमा तराईमा बस्ने मानिसहरूले कष्टपूर्ण जीवनशैली बिताउनुपर्ने हुन्छ ।

प्राकृतिक विपत्तिमा ठूलो धनजनको क्षति तराईको नियति हुनेछ । घना जनसङ्ख्याको आवश्यकता पूरा गर्न नसक्दा हुन सक्ने दङ्गा अर्को जोखिम हो । त्यसैले यी सबै कुरालाई मध्यनजर गरेर तराईको खेतीयोग्य जमीनको आकार घटे पनि उत्पादन बढाउनु पनि हाम्रै दायित्व हुनेछ । कृषिमा आधुनिकीकरण, मेशिनीकरण, मलबीउको समयमैं उपलब्धता र कृषि उपजको बजारको सुनिश्चितता तराईका प्राथमिकता हुनुपर्छ।

**तराईको 'ब्रेन गेन' अवसरको खानी**

बसाइँसराइ गन्तव्य स्थानका लागि चुनौती मात्र होइन, ठूलो अवसर पनि हो । संसारका जति पनि देशहरूले चाँडोचाँडो समृद्धि हासिल गरेका छन् । त्यहाँ बसाइँ सरुवाको ठूलो योगदान छ। यसरी दक्ष, सीपयुक्त तथा क्षमतावान् मानिस बसाइँ सरेर कुनै पनि स्थानमा आउने अवस्थालाई जनसाङ्ख्यिक भाषामा 'ब्रेन गेन' भनिन्छ। यस अर्थमा नेपालको तराईले ब्रेन गेन गरिरहेको स्थिति छ भने हिमाली र पहाडी क्षेत्रहरूले 'ब्रेन ड्रेन'को सामना गरिरहेका छन् ।

बसाइँ सर्ने मानिसहरू अक्सर साहसी, सिर्जनशील, पढालेखेका, जोखिम मोल्न सक्ने, युवा र तुलनात्मकरूपमा आर्थिकरूपले सम्पन्न वर्गका हुन्छन् । यसको परीक्षणका लागि हामीले हाम्रो गाउँछिमेकलाई नयाँ थातथलो बनाउन आएका छिमेकीहरूलाई हेरौं । यसमा कति सत्यता छ। पत्ता लागिहाल्छ। ती बसाइँ सरुवाहरू केही न केही नयाँ काम गर्न इच्छुक हुन्छन् । त्यस्को वातावरण स्थानीय, प्रदेश र सङ्घीय सरकारले उपलब्ध गराउनुपर्छ। त्यसैले हाम्रो तराई प्राकृतिक उत्पादनको हिसाबले मात्र उर्वर छैन, मानवीय दिमागका हिसाबले पनि उर्वर छ । यसलाई सदुपयोग गरौं । समृद्धि हासिल गरौं । (लेखक पत्रकार हुन्, रासस)

---

## गूगल, फेसबूक, माइक्रोसफ्ट ...

भन्ने स्पष्ट छैन । करदाता कार्यालय दर्ता भइसकेका विदेशी कम्पनीले कर नतिरेमा कारबाहीको व्यवस्था गरिएको भएपनि दर्ता नै नभएका कम्पनीलाई कस्तो कारबाही हुने भन्ने प्रस्ट छैन । नेपालमा सेवा दिइरहेका सबै सूचना प्रविधि क्षेत्रका लागि यस्तो कर प्रणाली बाध्यकारी हुन नसक्दा अधिकांश कम्पनी कर प्रणालीभन्दा बाहिरै रहेको देखिन्छ।

चालू आर्थिक वर्षको आर्थिक ऐनले तोकिएको समयभित्र विवरण दाखिला नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम शुल्क लाग्ने र कर तिर्नुपर्ने तोकिएको मितिभित्र कुनै व्यक्तिले कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था रहेको छ । यसरी दाखिला गर्नुपर्ने कर रकम कम दाखिला गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको ५० प्रतिशत जरिवानासमेत लाग्नेछ भनी व्यवस्था गरिएको छ तर विदेशमा सेवा दिइरहेका कम्पनीले नेपालमा कर तिर्नका लागि अनिवार्यरूपमा दर्ता हुनुपर्ने व्यवस्था आर्थिक ऐनमा भने कहीं पनि राखिएको देखिंदैन ।

---

## फरक समाचार

# मङ्गल ग्रह रङ्गीचङ्गी पनि छ

नासा सौर्यमण्डलको एउटा ग्रहमाथि गहन शोधमा लागेको छ । यो ग्रह पृथ्वीको छिमेकी मङ्गल हो। यस ग्रहलाई रातो ग्रह पनि भनिन्छ। तर यसपटक नासाले ग्रहको जुन तस्वीर साझा गरेको छ, त्यो रातो नभई रङ्गीन छ। फोटोमा ग्रह नीलो र हरियो रङ्गको देखिएको छ। यो तस्वीर नासाको माभेन अन्तरिक्ष यानले खिंचेको हो।



मङ्गल ग्रहमा नासाको मार्स एटमोस्फियर एन्ड भोलेटाइल इभोल्युशन (माभेन) मिशन चलिरहेको छ। अन्तरिक्ष यानले मङ्गल ग्रहको केही अविश्वसनीय तस्वीर खिंचेको छ। यो तस्वीर भिन्दाभिन्दै स्थानको लिइएको हो। मङ्गलले लगातार सूर्यको परिक्रमा गरिरहन्छ, त्यसैले जब यो बिन्दुहरूसँग ठोकिन्छ, यसको पराबैंगनी छवि अलग–अलग रङ्गमा देखिन्छ। यसलाई माभेन अन्तरिक्ष यानले आफ्नो क्यामराबाट खिंचेको हो। नासाले यो तस्वीर सामाजिक सञ्जालमा शेयर गरेको छ। फोटोमा मङ्गल ग्रह निकै सुन्दर देखिएको छ। वैज्ञानिकले यी पराबैंगनी तस्वीरको छुट्टै महत्त्व रहेको बताएका छन्।

तस्वीरको माध्यमबाट मङ्गल ग्रहबारे थुप्रै जानकारी भेटिएको बताइएको छ। किनभने मङ्गलको वायुमण्डलको पराबैंगनी तरङ्ग दैर्ध्य हेर्नाले यसबारे नयाँ जानकारी पाउन सकिन्छ। नासाले एउटा बयानमा भनेको छ कि माभेनमा रहेको इमेजिङ अल्ट्राभ्वाइलेट स्पेक्ट्रोग्राफ उपकरणले यी तस्वीर लिएको हो। यो फोटो निकै खास छ किनभने दुवैको बीच एक वर्षको अन्तर छ।

यद्यपि मङ्गल ग्रह सूर्यको चारैतिर घुमिरहेको छ, पहिलो तस्वीर सन् २०२२ मा लिइएको थियो, जबकि दोस्रो तस्वीर त्यति बेला लिइएको थियो जब यो कक्षाको दोस्रो कुनामा पुगेको थियो। भनिन्छ माभेनमा लगाइएको सो उपकरणले ११० र ३४० नैनोमिटरको बीच तरङ्ग दैर्ध्यलाई मापन गर्छ जसले त्यसलाई मानव आँखाले हेर्न सकियोस्। त्यसले तीन पराबैंगनी तरङ्ग दैर्ध्य श्रेणीमा विभिन्न चमक स्तर प्रस्तुत गर्छ जसमा रातो, हरियो र नीलो रङ्ग सामेल छ।

उल्लिखित तीन रङ्गमध्ये यसको ओजोन परत बैंगनी रङ्गको देखिन्छ, त्यसपछि बादल सेतो वा नीलो रङ्गको देखिन्छ जबकि यसको सतह थोरै अपारदर्शी वा हरियो देखिन्छ। पहिलो तस्वीर सन् २०२२ मा दक्षिणी गोलार्धको गर्मीको हो। यो मौसम मङ्गलको सूर्यसँग निकटताको कारण आउँछ। दोस्रो तस्वीर उत्तरी गोलार्धको हो, जुन जनवरी २०२३ मा लिइएको थियो। यो त्यति बेला लिइएको थियो जब मङ्गल आफ्नो कक्षामा सूर्यबाट आफ्नो अधिकतम दूरीमा पुगेको थियो। वैज्ञानिकहरूको भनाइ छ कि यो तस्वीरले मङ्गलको वायुमण्डल, जलवायु र तरल पानीको इतिहासबारे जानकारी दिन मदत गर्छ। माभेनलाई नोभेम्बर २०१३ मा लन्च गरिएको थियो र यो सेप्टेम्बर २०१४ मा मङ्गलको कक्षामा पुगेको थियो।

# व्रत बस्दा कसरी ऊर्जावान् रहने

साउन महीनाको हिन्दू धर्ममा ठूलो महत्त्व छ, यस महीनालाई शिव भगवान्‌को प्रिय महीना पनि भनिन्छ। भनिन्छ, साउनमा व्रत बस्नाले भगवान् शिवको कृपा प्राप्त हुन्छ। यसैले अधिकांश व्यक्ति यस महीना व्रत बस्छन्। तीमध्ये केहीले



सोमवारको व्रत बस्ने गर्छन् भने कोहीकोहीले त महीनाभरि व्रत बस्ने गरेका छन्। कसैले व्रत बसेको बेला बिरे नून सेवन गर्छन् भने कसैकसैले केवल फलाहार गर्छन्। यस क्रममा आफ्नो खानेकुरा यस्तो कुरा मिलाउनुपर्छ जसबाट ऊर्जा प्राप्त होस्।

केजिएमयु लखनऊकी डाइटिशियन काजल तिवारी व्रत बस्नेहरूलाई यस्तो सुझाव दिन्छिन् :

**खजूरः** खजूरमा प्राकृतिकरूपले चिनी, फाइबर र एसेन्शियल मिनरल पाइन्छ। यसको सेवनबाट शरीरले तुरुन्तै ऊर्जा पाउँछ। यसको अलावा यसको सेवनबाट ब्लड सुगर स्तर पनि नियन्त्रित गर्न सकिन्छ। कमजोरी महसूस भएको बेला खजूर खान सकिन्छ।

**गेडागुडीः** व्रतमा गेडागुडी सेवन गर्नाले शरीरले भरपूर मात्रामा ऊर्जा पाउँछ। यसमा भिटामिन र मिनरलको अधिकता हुन्छ। बदाम, ओखर, पिस्ता प्रोटिन र फाइबरको राम्रो स्रोत मानिन्छ। यसको नियमित सेवन गर्दा शरीर ऊर्जाले भरिपूर्ण रहन्छ।

**ताजा फलः** साउनको व्रत बस्दा ताजा फलको बढी सेवन गर्नुपर्छ। केरा, स्याउ, सुन्तला, अनारबाट चिनी, फाइबर, भिटामिन र एन्टिअक्सिडेन्ट पाउन सकिन्छ। यसले शरीरलाई तुरुन्तै ऊर्जा दिन्छ भने शरीरलाई हाइड्रेट राख्न मदत पुग्छ।

**दहीः** व्रतमा दही सेवनले स्वास्थ्यमा फाइदा पुऱ्याउँछ। दही प्रोबायोटिक फूड हो, जसले पाचनतन्त्रलाई दुरुस्त राख्छ। कब्ज हुन दिंदैन र प्रतिरक्षा प्रणालीलाई पनि दुरुस्त बनाउँछ। दहीमा पाइने प्रोटिन, क्याल्सियम र भिटामिन बीले शरीरलाई ऊर्जा दिन्छ।


**नरिवलपानी–** साउनको व्रतको समयमा नरिवल पानी खान सकिन्छ। नरिवलपानी प्राकृतिक आइसोटोनिक पेय हो, व्रतको समयमा शरीरलाई यसले हाइड्रेशन दिन्छ। यसमा पोटाशियम म्याग्निशियम र प्राकृतिक सुगर भरिपूर्ण भएको कारण शरीरले तुरुन्त ऊर्जा पाउँछ। यसको अलावा कागतीपानी, शर्बत आदि सेवन गर्न सकिन्छ।

**साबुदानाः** भात र रोटीको राम्रो विकल्प हो साबुदाना। साबुदानामा कार्बोहाइड्रेट हुन्छ, भोक वा कमजोरी महसूस भएको बेला खान सकिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तानमा नक्कली प्रहरी मुठभेडका घटना बढ्दै




सुरक्षाका लागि पाकिस्तानको पंजाब प्रान्तमा तैनाथ प्रहरी । तस्वीरः एएनआई

पाकिस्तान, १९ असार/एएनआई

पाकिस्तानमा नक्कली प्रहरी मुठभेडका घटना बढेकोमा नागरिक समाजले चिन्ता व्यक्त गरेको छ। दैनिक समाचारपत्र डनका अनुसार नक्कली मुठभेडका घटना देशमा सामान्य बन्दै गएका छन् ।

कराँची निवासी कासीफ प्रहरीको नक्कली मुठभेडको शिकार भएका थिए। त्यसपछि उनी धरौटीमा रिहा भई गृहनगर फर्केका छन् ।

हिरासतमा हुँदा प्रहरीसँग भएको 'इन्काउन्टर' मा गोली लागेर घाइते भएका कासीफको एउटा खुट्टा काट्नुपरेको थियो ।

कासीफकी आमा जरिनाका अनुसार जे नहुनु थियो त्यही भयो, अर्थात् प्रहरीको नक्कली मुठभेडको शिकार बनेको छोराले खुट्टा गुमायो ।

प्रहरीले अनाहक कासीफलाई प्रहरी चौकीभित्रै खुट्टामा दुई पटक गोली हानेको थियो ।

समाचारपत्र डनले आज सार्वजनिक गरेको समाचार अनुसार प्रहरी चौकीमा कासीफजस्तै नियति अन्य छजनाले भोग्नुपरेको थियो । उनीहरूको अहिले लियाकत विश्वविद्यालय अस्पतालमा उपचार भइरहेको छ ।

जाली मुठभेडमा 'हाफ फ्राई र फुल फ्राई' को क्रूर शासन चलेको छ । उच्च अधिकारीले हाफ फ्राईको आदेश दिए 'खुट्टा भाँच्ने' र फुल फ्राइ गर्न निर्देशन दिए ज्यान नै लिने गरिन्छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सफलता | वृष – प्रगति |
| मिथुन – वादविवाद | कर्कट – यात्रालाभ |
| सिंह – कडाश्रम | कन्या – सुसमाचार |
| तुला – उदरपीडा | वृश्चिक – विजय |
| धनु – धनलाभ | मकर – भाग्योदय |
| कुम्भ – खर्चवृद्धि | मीन – मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**चटयाङको समयमा सतर्क रहौं ।**

**चटयाङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**देवताल गाउँपालिका**
**पिप्राढी गोठ, बारा**



**गर्मी एवं वर्षात्को समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

**औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता सङ्क्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्छ।**

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अङ्गमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घरवरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुङ्गुर, बङ्गुर, हाँस, घोडाजस्ता पशुपछीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपछीको खोर टाढा राख्ने ।

**विन्ध्यवासिनी गाउँपालिका, पर्सा**


## फिलाडेल्फिया गोलीकाण्ड, चार जनाको मृत्यु, चारजना घाइते

वाशिङ्टन, १९ असार/सिन्ह्वा

संयुक्त राज्य अमेरिकाको फिलाडेल्फियामा सोमवार राति भएको गोलीकाण्डमा चारजनाको मृत्यु भएको छ भने अन्य चारजना घाइते भएका छन्।

फिलाडेल्फिया इनक्वायररले प्रहरीलाई उद्धृत गर्दै जनाए अनुसार एकजना संदिग्ध आक्रमणकारीलाई हिरासतमा लिइएको छ। दक्षिणपश्चिम फिलाडेल्फियाको किङसेसिङ खण्डमा राइफल बोकेको उसले किशोरमाथि गोली हानेको थियो ।

फिलाडेल्फिया इनक्वायररका अनुसार घाइतेलाई तत्काल नजीकको अस्पताल पुऱ्याइएको थियो ।

गोली चलेको जानकारी पाउनेबित्तिकै प्रहरीको एउटा टोली आक्रमणस्थलमा पुगेको थियो ।

एक थान राइफल र एउटा ह्यान्डगन पनि प्रहरीले बरामद गरेको छ। घाइतेको अवस्थाबारे कुनै जानकारी दिइएको छैन।

गत आइतवार बाल्टिमोरमा भएको यस्तै प्रकृतिको घटनामा दुईजनाले ज्यान गुमाएका थिए भने २८ जना घाइते भएका थिए । रासस

## शिक्षामा सहयोग गर्न टर्की सहयोग समन्वय एजेन्सीसँग छलफल

प्रस, वीरगंज, १९ असार/

नगरप्रमुख राजेशमान सिंह र टर्की सहयोग समन्वय एजेन्सीका दक्षिण एशिया प्रमुख दुर्सान अली यासकानबीच छलफल भएको छ ।

मङ्गलवार वीमनपाको कार्यालयमा भएको छलफलमा नगरप्रमुख सिंहले वीरगंजको शैक्षिक स्तरोन्नतिका लागि सहयोग गर्न आग्रह गरे । उनले नगरको सफाइपछि अब शिक्षा क्षेत्रको सुधारमा अघि बढेको बताए । नगरप्रमुख सिंहले शैक्षिक सामग्री, भौतिक संरचना तथा जनशक्ति अभाव रहेकोले आवश्यक सहयोग गर्नुपर्ने बताए ।

एजेन्सीका यासकानले वीरगंजको कृषि र शिक्षामा लगानी गर्न इच्छुक रहेको बताए। उनले महानगरले कृषि र शिक्षामा प्रस्ताव पेश गरे यथाशक्य सहयोग गर्ने बताए ।




तस्वीरः सौजन्य

यसअघि, एजेन्सीले वीरगंज-१४ बहुअरीमा पुनर्निर्माण गरेको सुफा आइडियल एकेडेमीको नगरप्रमुख सिंहले उद्घाटन गरेका थिए ।

सो क्रममा एजेन्सीले एकेडेमीलाई आवश्यक शैक्षिक सामग्रीसमेत हस्तान्तरण गरेको थियो । कार्यक्रममा एजेन्सीका दक्षिण एशिया प्रमुख अली, दक्षिण एशिया डेस्क प्रमुख तारिक मेटे, ढाका संयोजक मर्ट बरिस र ओनुर ओजतुर्कलगायत सहभागी थिए ।

## श्रीसिया नदी किनारमा वृक्षारोपण शुरू

प्रस, वीरगंज, १९ असार/

वीरगंज हरियाली बनाउने अभियान अन्तर्गत महानगरपालिकाले मङ्गलवारदेखि श्रीसिया नदीका दुवै किनारमा वृक्षारोपण शुरू गरेको छ।

नेपाल-भारत मितेरी पुलदेखि उत्तरतर्फ महानगर क्षेत्रमा पर्ने श्रीसिया नदी किनारका दुवै छेउमा वृक्षारोपण शुरू गरिएको नगरप्रमुख राजेशमान सिंहले बताए ।

नदी किनारमा उन्नत जातका बाँस (चाप र हरौट) रोप्न शुरू गरिएको उनले बताए । राष्ट्रपति चुरे तराई-मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ, भरतपुर र ग्रीन सिटी सामुदायिक सेवा केन्द्रसँगको सहकार्यमा वृक्षारोपण शुरू गरिएको हो।



तस्वीरः प्रतीक

वर्षात्को समयमा आउने बाढीले श्रीसिया नदी कटान गर्नुका साथै यस क्षेत्रमा डुबानको समस्या निम्त्याउने गरेकोले बाँस हुर्किएपछि नदी संरक्षण र कटान पनि नियन्त्रण हुने महानगरका सरसफाइ प्रमुख सर्फुद्दीन मियाँले बताए।

### वित्त.....

व्यवस्थित बनाउनुपर्ने र राष्ट्रिय परिचयपत्र प्रोजेक्टमा बैंक तथा वित्तीय संस्थालाई पनि जोडेर एकीकृत केवाइसी (सेन्ट्रल केवाइसी)को प्रावधान लागू गरिनुपर्ने बैंकर्स सङ्घले सुझाव दिएको छ ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले निजी क्षेत्रको कर्जा विस्तारमा जोड दिने गरी मौद्रिक नीति ल्याउन सुझाव दिए । "सरकारले आगामी आर्थिक वर्षका लागि लिएको छ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्नका लागि निजी क्षेत्रमा कर्जा विस्तारमा जोड दिन आवश्यक छ," उनले भने, "अहिलेको समग्र अर्थतन्त्र समस्यामा हुँदा क्रयशक्ति घटेको, उधारो कारोबार उठ्न नसकेको, उद्योगधन्दा न्यून क्षमतामा चलेको तथा केही बन्द हुने अवस्थामा पुगेकोलगायतका समस्या समाधान गर्नेगरी मौद्रिक नीति आउनुपर्छ।" समग्र अर्थतन्त्र नै समस्यामा पर्दा औद्योगिक वातावरण बन्न नसकेको उनको बुझाइ छ ।

निर्यात व्यवसायी महासङ्घका अध्यक्ष शङ्करप्रसाद पाण्डेले नीतिगत स्थिरता हुनुपर्नेमा जोड दिए। वस्तु निर्यात गर्ने धेरैजसो उद्योग साना र मझौला आकारका रहेकाले त्यस्ता उद्योगलाई प्रवाह गरिने कर्जामा एकल अङ्कको ब्याजदर कायम गर्न सक्नुपर्ने बताए । चालू पूँजी कर्जा मार्गदर्शनमा संशोधन आवश्यक रहेको पनि उनको भनाइ छ। वस्तु निर्यातमा पाउने अनुदान ठूला उद्योगले लिने गरेको र सानाले पाउन नसकेकाले त्यस्तो अनुदान वितरणलाई समान पहुँचयोग्य बनाउनुपर्ने उनको माग थियो ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका अध्यक्ष मोहन कटुवालले लगानीमैत्री वातावरण बनाउन बैंक तथा वित्तीय संस्थाले कुल कर्जा प्रवाहको २५ प्रतिशत कर्जा साना र मझौला उद्योगमा प्रवाह गर्ने व्यवस्था गरिनुपर्ने बताए । साना तथा मझौला उद्योगका मेशिनरी सामान धितो राखेर सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सक्ने व्यवस्थाका लागि पनि माग गरे ।

नेपाल होटल महासङ्घ (हान)का अध्यक्ष विनायक शाहले होटल र पर्यटन क्षेत्र असामान्य अवस्थाबाट गुज्रिइरहेकाले सामान्य अवस्थाको मौद्रिक नीतिले समस्या सम्बोधन गर्न नसक्ने स्पष्ट पारे ।

उनले राष्ट्र बैंकले उपलब्ध गराइरहेको पुनर्कर्जा र कर्जाको पुनर्तालिकीकरणको सुविधा थप एक वर्ष बढाउन माग गरे । त्यस्तै, कोभिड महामारीपछिको पुनर्उत्थानका क्रममा प्राथमिकताप्राप्त क्षेत्रका रूपमा होटल र पर्यटन क्षेत्रले पाएको सुविधालाई केही समय निरन्तरता दिनुपर्ने पनि उनको सुझाव छ ।

महिला उद्यमी महासङ्घका वरिष्ठ उपाध्यक्ष शोभा ज्ञवालीले महिला उद्यमशीलता कर्जाको निरन्तरताका लागि आग्रह गरिन्। महिला उद्यमशीलता प्रवर्द्धनका लागि निश्चित प्रतिशत कर्जा महिलाका लागि छुट्याउनुपर्नेमा उनले जोड दिइन्।


**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा

**सिलबन्दी दरभाउपत्रसम्बन्धी सूचना**

दोस्रोपटक प्रकाशित मितिः २०८०/०३/२०

वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आव २०७९/८० को स्वीकृत कार्यक्रम अन्तर्गत तपसील कार्य गराउनुपर्ने भएको हुँदा यो सूचना प्रकाशन गरिएको हो ।

**दरभाउपत्रसम्बन्धी शर्तहरूः**

१. इच्छुक सप्लायर्ससम्बन्धी कार्य गर्न इजाजतप्राप्त सप्लायर्सबाट यो सूचना प्रकाशित मितिले १५औं दिनभित्र उल्लिखित दस्तुर (पछि फिर्ता नहुनेगरी) यस कार्यालयको नबिल बैंक लि., वीरगंज शाखामा रहेको खाता नं ०५०६०१७५०००७३ मा जम्मा गरेको भौचरसहित इजाजतपत्र, आयकर प्रमाणपत्र, मूल्य अभिवृद्धि कर प्रमाणपत्र, आव २०७८/७९ को करचुक्ता प्रमाणपत्र संग्लन गरी खरीद गर्न सकिनेछ ।
२. उल्लिखित दरभाउपत्रसम्बन्धी कागजात १६औं दिनको १२:०० बजेसम्ममा दर्ता गराउनुपर्नेछ। दर्ता भएका दरभाउपत्रहरू दिनको २:०० बजे यस कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरूको रोहबरमा वीरगंज महानगरपालिकामा खोलिनेछ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन ।
३. दरभाउपत्र साथ दरभाउ जमानत वीरगंज महानगरपालिकाको कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि., आदर्शनगर, वीरगंज शाखाको खाता नं १२५०१००३०३००००२ मा नगद जम्मा गरेको सक्कल भौचर अथवा कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाबाट कम्तीमा (दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट) ७५ दिन म्याद भएको जमानत पेश गर्नुपर्नेछ ।
४. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिकरूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।
५. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरीद ऐन २०६३ र वीरगंज महानगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७७ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

| सिनं | ठेक्का सङ्ख्या नं | कामको विवरण | ल.ई. रकम रु (भ्याटसहित) | धरौटी र बैंक ग्यारेन्टी | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| ४ | BMC/NCB/GOODS/SQ/2079/080/102 | Purchasing of River Bed Sand Mix Gravel(Re) | - | रु ५०,०००.०० | रु १,०००.०० |



**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।**

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# पिता परमेश्वरको नाममा पर्सामा अन्धविश्वासको लाइन

प्रस, वीरगंज, १९ असार/

केही महीनादेखि बारा, पर्साका उनी मङ्गलवार फरहदवामा, आइतवार बगहीमा, शुक्रवार आरोप लागेको छ।

यस विषयमा उनले कसैको धर्म र



विकाश राउत थारूद्वारा सञ्चालित शिविरमा सर्वसाधारणहरू। तस्वीरः प्रतीक

विभिन्न गाउँमा पिता परमेश्वरको शिविरको चर्चा शुरू भएको छ। सो शिविरमा बारा, पर्साका हजारौं सर्वसाधारण सहभागी भएका बुझिएको छ।

गत आइतवार पर्सा, वीरगंज-२८ बगहीमा उक्त शिविर लागेको थियो। शिविर लगाउने पर्सा, पटेर्वासुगौली गाउँपालिका-४ फरहदवाका १७ वर्षीय युवक विकाश राउत थारू हुन्। उनी विकाश सरको नामले परिचित छन्।

क्रिस्चियन धर्मबाट प्रभावित विकाशले पढेको पानीले बिरामीको रोग निको हुने सुनेपछि गाउँ-गाउँबाट उनको शिविरमा जानेहरूको ओइरो लागेको छ।

पोखरियालगायत अन्य दिन पनि पर्सा, बाराका विभिन्न गाउँमा शिविर लगाउने गर्छन्। उनका समर्थकहरूको सहयोगमा उनी मध्याह्न १२ देखि साँझ ७ बजेसम्म शिविर लगाउँछन्। उनको शिविरमा भारत, बिहारबाट पनि दीनदुःखीहरू रोग निको हुने आशाका साथ आइरहेका बताइएको छ।

यता, केही धार्मिक सङ्गठनहरूले उनी हिन्दूबाट क्रिस्चियन धर्मको अनुयायी बनेका र सोही क्रममा उनले धर्म परिवर्तन गराउन अन्धविश्वासको लाइन लगाइरहेको आरोप लगाएका छन्। चिकित्सकबाट निको नहुने रोग पनि उनले निको पार्ने दाबीका साथ आफ्नो शिविरमा रोगीहरूलाई बोलाइरहेको पनि

आस्थाप्रति आफूले चोट नपुऱ्याएको र मैले हेर्ने बिरामीमध्ये केही निको भएकाले उनीहरूले गरेको प्रचारको आधारमा सर्वसाधारणको भीड लागेको बताए। उनले जसलाई चित्त बुझ्दै आफ्नो कुरा सुन्न र शिविरमा नआउन अपील गरेका छन्।

शिविरमा सर्वसाधारणबाट उठाइने पाँच/दश रुपियाँ के गर्नुहुन्छ भन्ने प्रश्नमा उनले शिविर सञ्चालन, खाजा, नास्ता, यातायातलगायत सामाजिक काममा उक्त रकम खर्च भइरहेको बताए।

फरहदवामा उनी पछिल्लो समयमा इसाई धर्मावलम्बीहरूलाई प्रार्थना गर्नको लागि गिरिजाघर स्थापना गर्न लागेका पनि बताइएको छ।

# चौहानलाई मैट्रेस सहयोग

प्रस, वीरगंज, १९ असार/

पर्साको जगरनाथपुर गाउँपालिका-२ लक्ष्मीपुरका मस्तिष्क रक्तस्रावबाट




पीडित सत्यप्रकाश चौहानलाई मङ्गलवार एयर मेट्रेस तथा चामल सहयोग गरिएको छ।

मेट्रेसविना सुत्दा घाउ निस्कने भएकोले निजलाई मेट्रेस सहयोग गरिएको हो। चौहान विगत पाँच वर्षदेखि कोमामा छन्।

ओछ्यानमा नै अरूले खाना खुवाउने, दिसापिसाब गराउने गरेका छन्। जीवनमरणको दोसाँधमा रहेका चौहानलाई वीरगंज रानिघाटमा रहेको शङ्कर साह ज्वेलर्सका प्रोपाइटर बिक्की सर्राफको आर्थिक सहयोगमा एयर मेट्रेस र चामल एक बोरा सहयोग गरिएको हो। सो अवसरमा सन्तोष पटेल, प्रकाश थारू, धर्मेन्द्र चौरसियालगायतको सहभागिता थियो।

# सोलखपुरमा शव भेटियो

बलिराम शुक्ला, बिरुवागुठी, १९ असार/

वीरगंज महानगरपालिका-३२ सोलखपुरचोकमा एकजना व्यक्तिको शव भेटिएको छ।

सोलखपुरचोकनजीक रहेको भरत साहको घरअगाडिबाट अन्दाजी ४० वर्षीय पुरुषको शव मङ्गलवार बिहान स्थानीयवासीले देखेपछि प्रहरीलाई खबर गरेका थिए।

शवको सनाखत हुन नसकेको र शल्यपरीक्षणको लागि नारायणी अस्पताल पठाइएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए।

# सतिसालको काठ र मोटरसाइकल बरामद

प्रमोद यादव, पंचगावाँ, १९ असार/

पटेर्वासुगौली गाउँपालिका-४



सुगौलीबाट तीन थान सतिसालको गोलियासहित एउटा भारतीय मोटरसाइकल प्रहरीले बरामद गरेको छ।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरी नेतृत्वको प्रहरी गस्ती टोलीले तीन थान सतिसालको गोलियासहित एउटा भारतीय नम्बरको मोटरसाइकल नियन्त्रणमा लिएको हो।

वन गस्ती टोलीलाई देखेपछि तस्करहरू मोटरसाइकल र गोलिया छाडेर फरार भएका थिए। काठ र मोटरसाइकल इप्रका, पटेर्वासुगौलीमा राखिएको प्रहरीले जनाएको छ।






**नेप्से ...**

०७ अङ्कले बढेका छन्। बैंकिङ समूह एक दशमलव ०७, विकास बैंक ३१ दशमलव ०५, वित्त ३५ दशमलव ३४, जलविद्युत् तीन दशमलव १६, लगानी शून्य दशमलव ९९ र जीवन बीमा ३० दशमलव ५० अङ्कले बढेका छन्।

त्यसैगरी, उत्पादन तथा प्रशोधन ४० दशमलव ०८, लघुवित्त ३० दशमलव २१, म्युचुअल फन्ड शून्य दशमलव ०२, व्यापार १५ दशमलव ८१ र अन्य समूह १५ दशमलव ८१ अङ्कले बढेका छन्।

सिटी होटल लिमिटेडको शेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले बढेको छ भने बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै नागरिक लगानी कोषको रु १२ करोड १७ लाख ८३० बराबरको शेयर खरीद-बिक्री भएका छन्। त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको दुई लाख १४ हजार ५८३ कित्ता शेयर किनबेच भएका छन्।

# खेलकूदको संसार



वीरगंज महावीरस्थानमा सञ्चालित माउन्ट एभरेस्ट क्लबका विद्यार्थीहरूले मार्शल आर्ट्स प्रदर्शन गर्दै र गुरुपूर्णिमा समारोहमा बोल्दै उद्योगी सुरेश रुँगटा। तस्वीरः राधेश्याम पटेल

## नेपाल एसिसी यू-१६ पूर्वी क्षेत्रीय क्रिकेटको च्याम्पियन

काठमाडौं, १९ असार/रासस

नेपाल एसिसी यू-१६ पूर्वी क्षेत्रीय कप क्रिकेटको च्याम्पियन बनेको छ। नेपालले फाइनल खेलमा मलेशियालाई २२१ रनले हराउँदै उपाधि जितेको हो।

मलेशियाको बायोमास ओभल क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गर्दै नेपालले निर्धारित ३५ ओभरमा आठ विकेटको क्षतिमा २५२ रन बनायो।

२५३ रनको विजयी लक्ष्य पछ्याउने क्रममा मलेशियाको पारी १४ दशमलव पाँच ओभरमा ३१ रनमैं समेटियो। मलेशियाका लागि मोहम्मद अकरमले १० रनाए। अन्य खेलाडीले दोहोरो अङ्कको रन बटुल्न सकेनन्।

बलिङतर्फ नेपालका लागि कप्तान अभिषेक तिवारीले छ ओभरमा एक मेडन राख्दै सात रन दिएर पाँच विकेट लिए। यस्तै, सन्तोष यादवले तीन तथा सागर गैरेले एक विकेट लिए।

यसअघि ब्याटिङ गर्ने क्रममा नेपालका लागि नरेन भट्टले शतकीय पारी खेले। उनले ८९ बल खेल्दै दुई छक्का र १० चौकाको मदतमा अविजित ११२ रन बनाए। यस्तै, नीरज यादवले ४७, सूर्यांशु कोइरालाले १८, सन्तोष यादवले २६ र अशोक धामीले ११ रन बनाए।

बलिङतर्फ मलेशियाका मुहम्मद अकरमले तीन तथा आरिन एक्विल र मुहम्मद फदुल मुइनले एक/एक विकेट लिए। सोमवार नेपालले सिङ्गापुरलाई तथा मलेशियाले हङकङलाई हराउँदै फाइनलमा स्थान बनाएका थिए।

## नेपाल आयरल्यान्डसँग पराजित

काठमाडौं, १९ असार/रासस

जिम्बावेमा जारी आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगिता अन्तर्गत मङ्गलवार भएको सातौं स्थानको भिडन्तमा नेपाल टेस्ट राष्ट्र आयरल्यान्डसँग दुई विकेटले पराजित भएको छ।

विभिन्न १० टोली सहभागी उक्त प्रतियोगितामा नेपालले आठौं स्थानमा रहँदै विश्वकप छनोट यात्रा सकाएको छ। यस जीतसँगै आयरल्यान्ड भने सातौं स्थानमा रहेको छ। जीतका लागि नेपालले दिएको २६९ रनको विजयी लक्ष्य आयरल्यान्डले ४९ दशमलव दुई ओभरमा आठ विकेट गुमाउँदै पूरा गऱ्यो।

आयरल्यान्डको जीतमा कर्टिस क्याम्फरले सर्वाधिक ६२ रनको योगदान दिए। उनले ५९ बलमा आठ चौका र एक छक्कासहित ६२ रन जोडेका थिए। त्यस्तै, ह्यारी टेक्टरले ६० रनको योगदान दिए। उनले ७६ बलमा चार चौका र दुई छक्कासहित ६० रन बनाए। यसैगरी, जर्ज डोकरेल ४७ बलमा दुई चौका र एक छक्कासहित ३३ रनमा क्याच आउट भए। लोर्कान टकरले २२ बलमा दुई चौका र एक छक्कासहित २४ रन बनाए। ओपनर एन्डी म्याकब्रिन १७ रनमा आउट भए। कप्तान एन्डी बालबर्नी एक रनमा आउट हुँदा पल स्टर्लिङले १५ रन बनाए।

नेपालका करण केसीले सर्वाधिक चार विकेट लिए भने किशोर महतोले दुई विकेट लिए। सन्दीप लामिछाने र गुलशन झाले समान एक/एक विकेट लिए। त्यसअघि जिम्बावेको हरारेमा रहेको टाकासिंगा स्पोर्ट्स क्लबमा टस हारेर पहिले ब्याटिङ थालेको नेपालले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर २६८ रनको योगफल तयार गरेको थियो।

नेपालका लागि गुलशन झाले सर्वाधिक ५७ रनको योगदान दिए। उनले ४२ बलमा चार चौका र तीन छक्काको मदतमा अविजित ५७ रनको अर्धशतकीय इनिङ खेले। त्यस्तै, नेपालका सुरुआती ब्याट्सम्यान अर्जुन साउदले ४८ रन बनाए। उनले ८४ बलमा तीन चौका र दुई छक्काको सहयोगमा ४८ रन बनाए। कुशल मल्लले ३८ बलमा पाँच चौका र दुई छक्काको सहयोगमा ४४ रन बनाए। त्यस्तै, सन्दीप लामिछानले ३० बलमा तीन चौका र एक छक्काको सहयोगमा ३२ रन बनाए भने कप्तान रोहित पौडेलले ३५ बलमा २९ रन जोडे। भीम सार्कीले २० रन बनाए।

बलिङतर्फ आयरल्यान्डका मार्क अडिर, ब्यारी म्याकार्थी र क्रिग योङले समान दुई/दुई विकेट झारे भने एन्डी म्याकवर्नी, कुर्टिस क्यामफेर र गारेथ डिलेनीले समान एक/एक विकेट लिए।

विभिन्न १० टोली सहभागी उक्त प्रतियोगितामा नेपाल समूह 'ए'मा थियो। समूह चरणको खेलमा नेपाल चार खेलमा तीनमा हार र एक खेलमा विजयी भएको थियो। नेपाल समूह चरणको खेलमा चौथो स्थानमा थियो।

नेपालले अमेरिकालाई छ विकेटले हराएको थियो। जिम्बावेसँग आठ विकेटले पराजित भएको थियो भने वेस्ट इन्डिजसँग १०१ को हार बेहोरेको थियो। त्यस्तै, नेपाल नेदरल्यान्डसँग सात विकेटले पराजित भएपछि नेपाल सुपर सिक्समा पुग्न सकेको थिएन।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।**

नेपाल सरकार

विज्ञापन बोर्ड